# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१-४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १४० | काठमाडौं | बुधबार, २५ भदौ २०८२ | Prabhab National Daily | Wednesday, 10 September 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## जेन-जीलाई वार्तामा आउन आग्रह



लुटपाट र अराजक गतिविधि नियन्त्रण गर्न मंगलबार राति १० बजेबाट नेपाली सेना

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले आन्दोलनरत जेन-जीलाई वार्तामा आउन अपिल गरेका छन्। मंगलबार वक्तव्य जारी गर्दै राष्ट्रपति पौडेलले जेन-जीलाई वार्तामा आउन अपिल गरेका हुन्।

भ्रष्टचारविरुद्ध सडकमा उत्रिएका जेन-जीलाई संयमित हुन र मुलुकलाई अरु क्षति हुन नदिन आग्रह गर्दै राष्ट्रपति पौडेलले भनेका छन्, 'लोकतन्त्रमा नागरिकले उठाएका माग जेन-जीका प्रतिनिधिसमेत बसी वार्ता र संवादमार्फत समाधान गर्न सकिने भएकाले संयमित हुन, मुलुकलाई अरु थप क्षति हुन नदिन र वार्तामा आउन म सबैलाई अपिल गर्दछु।'

मंगलबार साँझ प्रधानसेनापति अशोकराज सिग्देलले पनि आन्दोलन स्थगित गरी वार्तामा आउन आन्दोलनरत पक्षलाई आग्रह गरेका छन्। उनले भिडियोमार्फत विशेष सम्बोधन गर्दै देशमा उत्पन्न विषम परिस्थितिलाई शान्तिपूर्ण तवरले निकासा दिन वार्ता आवश्यक रहेको बताएका छन्।

'यस विषम् परिस्थितिबाट राष्ट्रलाई शान्तिपूर्ण तवरले निकास दिनका लागि आन्दोलनरत समूहलाई आन्दोलनका कार्यक्रमहरू स्थगन गरी वार्ताको निमित्त आह्वान गर्दछौं,' प्रधानसेनातपति सिग्देलले भने।

आन्दोलनको क्रममा हुन पुगेको जनधनको अपूरणीय क्षतिप्रति दुःख व्यक्त गर्दै सेनाले देशको सुरक्षाको जिम्मा लिनेसमेत उनले बताए। 'वर्तमान असहज परिस्थितिलाई सामान्यीकरण गर्दै राष्ट्रिय एवं ऐतिहासिक सम्पदा, सार्वजनिक एवं नागरिकहरूको सम्पत्ति, आमनागरिक, मित्र राष्ट्रका कूटनीतिक नियोग तथा नागरिकहरूलाई सुरक्षाको प्रत्याभूति दिई राष्ट्रको सर्वोपरि हितको रक्षा गर्नु हामी सबैको साझा कर्तव्य हो,' प्रधानसेनापति सिग्देलले भने।

यसअघि दिउँसै मुख्यसचिव एकनारायण अर्यालसहित सुरक्षा निकायका प्रमुखहरूलेसमेत विज्ञप्ति जारी गर्दै संयमता अपनाउन आग्रह गरेका थिए।

स्थिति नियन्त्रणमा लिन सेनाले मंगलबार १० बजेबाट विशेष निगरानी राख्न सुरु गरेको छ। त्यसैगरी सेनाले विज्ञप्तिमार्फत हालको विषम परिस्थितिको अनुचित फाइदा उठाई केही समूहरूले सर्वसाधारण नागरिक तथा सार्वजनिक सम्पत्ति समेतमा अत्यधिक क्षति पुऱ्याउने, लुटपाट एवं आगजनी गर्ने कार्य भइरहेको हुँदा यस किसिमका गतिविधिहरू नगर्न/नगराउन आग्रह गरेको छ।

क्रमशः पृष्ठ २ मा

# जल्न केही बाँकी रहेन...

### प्रमुख नेताहरूको निवासहुँदै सुरु भएको आगोले राज्यका तीनवटै अंग खरानी
### सञ्चारगृहदेखि व्यापारिक प्रतिष्ठान र होटलसमेत तोडफोड र आगजनी



## अन्ततः ओली शासनको पतन

■ जेबी योञ्जन

**काठमाडौं–** सुशासन माग्ने जेन-जी पुस्तामाथि ताकीताकी गोली हानेर 'नरसंहार' मच्चाउँदै सत्ता टिकाउन खोज्ने क्रुर र आपराधिक शासक बनेका प्रधानमन्त्री केपी शर्मा ओलीको शासन ढलेको छ। नेपालमा भएको राजनीतिक लडाइँमा सबैभन्दा कम समयमा शासकले घुँडा टेकेको यही जेन-जी विद्रोह बन्यो, जहाँ ओलीले २७ घण्टा थेग्न सकेनन्।

दुई सुरक्षा निकाय नेपाल प्रहरी र सशस्त्र प्रहरीले परिस्थितिलाई काबुमा राख्न पूर्णतः असफल भए। त्यसपछि विद्रोही जेन-जीसँगै सडकमा ओर्लिएका लाखौं जनसमुदायसामु झुक्दै ओलीले राजीनामा दिए। उनीसँगै उनका मन्त्रिपरिषद्का सदस्यहरू नेपाली सेनाको शरणमा पुगेका छन्। संघीय संसद्, सिंहदरबार, राष्ट्रपति भवन, प्रधानमन्त्रीको सरकारी निवास, मन्त्री निवास, अदालत र शीर्षस्थ नेताहरूको निवाससँगै अन्य सरकारी तथा निजी संरचनामा आगजनी भएका छन्।

देशव्यापी ठूलाठूला प्रदर्शन भए, जेन-जीसहित लाखौं देशवासी सडकमा आए, जुन नरसंहार मच्चाएका ओली सरकारले थेग्न सकेन। पूर्वप्रधानन्यायाधीश सुशीला कार्की भन्छिन्, 'ओली आफैंले खनेको खाल्डोमा पसे।'

लोकतान्त्रिक शासन पद्धति अँगालेको देशमा नागरिकले असन्तुष्टि शान्तिपूर्णरूपमा प्रकट गर्न पाउँछन्। सत्ताधारीले बेलैमा सुन्नुपर्छ र सम्बोधन गर्नुपर्छ। राजनीतिशास्त्री कृष्ण खनालका अनुसार यो जनमैत्री सरकारको आधार भूत चरित्र हो। तर, ओली शासनमा नवजवान युवा विद्यार्थीमाथि गोली दागेर ज्यान लिने काम भयो। १९ जना आमाको कोख रित्याए। जबकि, जेन-जीको सोमबारको प्रदर्शन पूर्वनिर्धारित थियो। सम्भावित घुसपैठलाई नियन्त्रणमा लिनेगरी सुरक्षा रणनीति बनाउने समय थियो। अझ सडकमा ओर्लिनुअघि नै जेन-जीले उठाएका माग सम्बोधन गर्न सकिन्थ्यो।

प्रमुख विपक्षी दलहरू, सत्तारुढ दलकै कतिपय नेतादेखि नागरिक समाज, पेसाकर्मी, कलाकर्मी र आमनागरिकको तहबाट सरकारलाई सुझाव आएको थियो। तर, ओली सुन्न तयार भएनन्।

जेन-जीलाई विद्रोहमा उतार्न 'ट्रिगर'को काम भने यही १८ भदौमा ओली मन्त्रिपरिषद्ले २६ वटा सामाजिक सञ्जाल नेपालमा सञ्चालन नहुनेगरी रोक लगाउने निर्णय थियो। जबकि, जेन-जी पुस्ता सामाजिक सञ्जालसँगै हुर्किएको हो। उनीहरू 'भर्चुअल' दुनियामा अभ्यस्त छन्। तर, सञ्चालनमै रोक लगाएपछि उनीहरू सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउन र भ्रष्टाचारको अन्त्यलगायत माग राखेर सडकमा ओर्लिए।

क्रमशः पृष्ठ २ मा

### कम्तीमा २००० कैदी फरार

जेन-जी प्रदर्शन सफल हुँदै जाँदा आन्दोलनकारीहरूले नख्खु कारागारमा हालै सरुवा भएर आएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई बाहिर निकालिएको छ। उनीलाई बाहिर निकालिँदा थुप्रै कैदीबन्दी भागेका छन्। कारागार प्रशासनले फरार भएकाको संख्या यकीन गरेको छैन।

कास्की कारागारबाट मंगलबार नै ७७४ बढी कैदीबन्दी फरार भएका छन्। जेन-जी प्रदर्शनकारी कारागारमा प्रवेश गरेसँगै कैदीबन्दी फरार भएका हुन्।

क्रमशः पृष्ठ २ मा

### खनाल पत्नी गम्भीर, देउवा दम्पती घाइते

प्रदर्शनकारीहरूले नेकपा एकीकृत समाजवादीका सम्मानित नेतासमेत रहेका पूर्वप्रधानमन्त्री झलनाथ खनालको डल्लुस्थित निवासमा आगजनी गर्दा खनाल पत्नी रविलक्ष्मी चित्रकार गम्भीर घाइते भएकी छन्। उनको कीर्तिपुरस्थित जलन अस्पतालमा उपचार भइरहेको छ। उनको अवस्था चिन्ताजनक रहेको भनिएको छ। आन्दोलनकारीहरूको निशानामा पूर्वप्रधानमन्त्रीसमेत र

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## म्यानपावरमार्फत कोरियामा श्रमिक पठाउने प्रक्रिया रोक्न अख्तियारको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** इ-सेभेन भिसामा म्यानपावरबाट कोरिया पठाउने प्रक्रिया अगाडि नबढाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्देशन दिएको छ। आइतबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई पत्र पठाउँदै उक्त कार्य अगाडि नबढाउन अख्तियारले निर्देशन दिएको हो।

यस विषयमा वर्तमान परिस्थिति साम्य भएपछि थप छलफल हुने मन्त्रालय स्रोतले जानकारी दिएको छ। 'अख्तियारबाट निवेदन आएको भन्नेचाहिँ छ। इ-सेभेन भिसा रोक्नु भनेको छ। आज कफर्चुमा कार्यालय पुग्न पाएको छैन। अख्तियारले पत्र नै पठाएपछि यो कार्यान्वयन नहुने नै होला,' स्रोतले भन्यो।

श्रममन्त्री शरतसिंह भण्डारीले व्यवसायीको प्रभावमा परेर म्यानपावरमार्फत कोरिया पठाउन मिल्ने कार्यविधि बनाएको भन्दै उजुरी परेपछि छानबिनपश्चात् उक्त निर्देशन दिएको बुझिएको छ। आयोगले पत्रमार्फत म्यानपावरमार्फत पठाउँदा श्रमिकहरू ठगिने सम्भावना हुने भएकाले रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत नै पठाउन आयोगले भनेको छ।




मन्त्रालयले गणतन्त्र कोरियामा सीपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि, २०८० गत असार १३ गते तेस्रो संशोधन गरेको थियो। २०८० फागुन १७ गते ल्याइएको उक्त कार्यविधिलाई २०८१ कात्तिक ९ गते पहिलो र २०८२ असार ९ गते दोस्रो संशोधन गरिएको थियो।

हाल इपिएस प्रणालीमार्फत भाषा परीक्षा उत्तीर्ण गरेर अदक्ष श्रमिकहरू रोजगारीमा जाँदै आएका छन्। दक्ष र अर्धदक्ष श्रमिक पनि कोरिया पठाउन पाउनुपर्ने भन्दै विगतदेखि म्यानपावर व्यवसायीहरूले मन्त्रालयमा दबाब दिँदै आएका थिए। साथै कोरिया गएका केही नेपालीहरूले पनि दक्ष श्रमिक पनि लग्नुपर्छ भन्दै मन्त्रीसँग निरन्तर छलफलमा थिए। यसअघि २०८० मा श्रममन्त्री हुँदादेखि म्यानपावरलाई कोरिया पठाउन दिन कसरत गरिरहेका भण्डारीले तेस्रोपटक कार्यविधि संशोधन गरेपछि कानुनीरूपमा बाटो खुलेको थियो। हाल श्रमिक पठाउन म्यनपावर व्यवसायीहरूले तयारी थाल्दै गर्दा अख्तियारको निर्देशन आएको हो।

कार्यविधि बने पनि कोरियास्थित नेपाली दूतावासमा भने मागपत्र नै आउन सकेको थिएन। यद्यपि, कोरिया पठाइदिने नाममा रकम असुली सुरु भएका खबरहरू आउन थालिसकेका छन्। वैदेशक रोजगार विभागले कोरिया लग्ने प्रक्रिया सुरु नभएको भन्दै रकम नबुझाउन विज्ञप्ति नै निकाल्नुपरेको थियो।

निजी क्षेत्रका व्यवसायी-व्यवसायी (बिटुबी)मार्फत पठाइने इ-सेभेन भिसामा वैदेशिक रोजगार विभागको स्वीकृतिमा मौसमी कामदारबाहेकका जनशक्ति पठाउने व्यवस्था छ। यसरी जानका लागि आधारभूत कोरियन भाषा र पेसागत सीप हासिल गरेको हुनुपर्ने छ। इ-सेभेन भिसामा रोजगारदाता आफैंले श्रमिकको भाषा र सीपको निःशुल्क परीक्षण गर्ने कार्यविधिमा भनिएको छ।

इ-सेभेन भिसामार्फत सीपयुक्त जनशक्ति पठाउँदा विभिन्न ८५ थरी सीप भएका श्रमिकहरू लग्नेगरी तयारी थालिएको थियो। म्यानपावरमार्फत कोरिया पठाउँदा लाग्ने लागत इपिएस प्रणालीबमोजिम लाग्ने सेवा शुल्कमा नबढ्नेगरी हुने कार्यविधिमा भनिए पनि म्यानपावरको मानपरि यसमा पनि हावी भएर श्रमिक मारमा पर्ने जोखिम रहेको पत्रमा भनिएको छ।

म्यानपावरमार्फत लग्दा इपिएस प्रणाली कमजोर हुँदै जाने भन्दै इपिएसकै पदाधिकारीलेसमेत चिन्ता व्यक्त गर्दै आएका थिए। भाषा परीक्षा उत्तीर्ण गरेर जिटुजीमार्फत कोरिया लग्ने प्रक्रियालाई सर्वसुलभ र पारदर्शी मानिँदै आएको छ। यस प्रणालीमाफर्त सन् २००८ यता एक लाख १६ हजारभन्दा बढी नेपालीहरू कोरिया गइसकेका छन्। अख्तियारले पनि पत्र लेख्दै यसै प्रणालीलाई नितन्तरता दिन सुझाव दिएको छ।




# कञ्चनपुरमा कहाँ–कहाँ तोडफोड र आगजनी भयो ?

**कञ्चनपुर (प्रस)–** आन्दोलनकारीहरूले कञ्चनपुर सदरमुकाममा महेन्द्रनगरमा सत्तारुढ कांग्रेस एमालेका जनप्रतिनिधि र नेताहरूको घरमा आगजानी र तोडफोड गरेका छन् । कञ्चनपुर निर्वाचन क्षेत्र नं ३ का सांसद गृहमन्त्री रमेश लेखकको जानकी टोल र बेदकोट नगरपालिका–८ स्थित घरमा तोडफोड र आगजनी गरिएको छ ।

भीमदत्त नगरपालिका–६ ऐंठपुरस्थित सुदूरपश्चिम सरकारका पूर्वमुख्यमन्त्री राजेन्द्रसिंह रावलको घरमा आगजनी गरिएको छ । सुदूरपश्चिम सरकारका पूर्वआर्थिक मामिलामन्त्री प्रकाश रावलको खैरेनीस्थित घरमा पनि आगजनी र तोडफोड गरिएको छ । भीमदत्त नगरपालिकाका नगरप्रमुख पदम बोगटी र उपप्रमुख निलम लेखक जोशीको घरमा तोडफोड गरिएको छ । बोगटीमा उल्टाखाम र उपमेयरको जानकी टोलस्थित घरमा तोडफोड गरिएको छ । भीमदत्त नगरपालिका निवर्तमान नगरप्रमुख सुरेन्द्र विष्टको घरमा पनि तोडफोड गरिएको छ ।

सुदूरपश्चिम सरकारका भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्र पालको भीमदत्त नगरपालिका–१८ सालघारीस्थित घरमा तोडफोड र आगजनी गरिएको छ । सुदूरपश्चिम प्रदेशसभा सदस्य मधु भारतको जानकी टोलस्थित घरमा पनि तोडफोड भएको छ । यसैगरी बेदकोट नगरपालिकाका नगरप्रमुख भोजराज बोहरा महेन्द्रनगर बजार गल्ली नं १ स्थित घरमा तोडफोड गरिएको छ ।

जिल्ला समन्वय समिति कञ्चनपुरका प्रमुख दुर्गादत्त बोहराको भीनपा–४ भगतपुरस्थित घरमा तोडफोड र आगजनी गरिएको छ । यसैगरी, शुक्लाफाँटा नगरपालिकाको प्रशासनिक भवन तोडफोड गरिएको छ । कार्यालयभित्रका फर्निचर, कम्प्युटरलगायतका सामान तोडफोड गरिएका छन् । नगरपालिकाका १२ वटै वडा कार्यालयमा तोडफोडसँगै कार्यालयभित्र रहेका सामान बाहिर निकालेर आगजनी गरिएको छ ।

एमाले कञ्चनपुर इञ्चार्ज निरुदेवी पालको मेन रोडस्थित घरमा तोडफोड गरिएको छ । आन्दोलनकारीले प्रशासन कार्यालयमा आगजनी र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालयमा तोडफोड गरेका छन् ।

भीमदत्त नगरपालिकाको प्रवेशद्वारमा आगजनी गरिएको छ । कृष्णपुर नगरपालिकाका नगरप्रमुख हेमराज ओझाको घरमा तोडफोड गरिएको छ । सत्तारुढ कांग्रेस र एमालेका पार्टी कार्यालयमा तोडफोड र आगजनी गरिएको छ । दोधारा चाँदनी नगरपालिका कार्यालयमा ढुंगा प्रहार भएपछि सिसा फुटेका छन् । दोधारा चाँदनीस्थित कांग्रेस पार्टी कार्यालयमा आगजनी र तोडफोड गरिएको छ ।

# भक्तपुरका सार्वजनिक निकायमा तोडफोड र आगजनी

**भक्तपुर (प्रस)–** भक्तपुरमा मंगलबार भएको प्रदर्शनमा भक्तपुरको बालकोटस्थित नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीको निजी निवासमा प्रदर्शनकारीले आगजनी गरेका छन् ।

प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर दुई जना घाइते भएपछि आक्रोशित भीडले प्रहरीलाई तितरवितर पारी ओली निवास प्रवेश गरी तोडफोड गर्नुका साथै दुईवटै घरमा आगजनी गरेका छन् । आगजनीबाट घर पूर्णरूपमा क्षति भएको छ ।

त्यसैगरी पूर्वसञ्चारमन्त्री गोकुल बास्कोटाको मध्यपुरथिमि–१ लोकन्थलीस्थित घरमा प्रदर्शनकारीले तोडफोड गरी आगो लगाइदिएका छन् । सूर्यविनायक नगरपालिका–७ गुण्डुस्थित एमाले नेता महेश बस्नेतको घरमा पनि प्रदर्शनकारीले तोडफोड गरी आगजनी गरेका छन् ।

त्यस्तै मध्यपुरथिमि नगरपालिका राधेराधेस्थित यातायात कार्यालयमा तोडफोड गरी कार्यालयको एक गाडी र कार्यालयभित्रका सम्पूर्ण सामान बाहिर निकालेर आगजनी गर्नुका साथै यातायात कार्यालयको भवनमासमेत आगजनी गरेका छन् । प्रदर्शनकारीले जिल्ला प्रशासन कार्यालय भक्तपुर प्रहरी परिसर भक्तपुर र आसपासका कार्यालहरू समेत तोडफोड र आगजनी गरिएको छ । सल्लाघारीस्थित ट्राफिक प्रहरी परिसर भक्तपुरको कार्यालय तोडफोडसहित ध्वस्त पारिएको छ भने सडकमा राखिएको प्रहरीको बिटहरूसमेत आगो लगाएका छन् ।

प्रदर्शनकारीले प्रहरी वृत्त जगातीमा तोडफोड गरी प्रहरी नायब उपरीक्षकको गाडी जलाएका छन् भने वृत्तमा आगजनी गरेका छन् । प्रहरी प्रभाग खरिपाटी तोडफोड गरेका छन् । प्रदर्शनकारी साँझ ७:०० बजे राधेराधेस्थित भाटभटेनी सुपरमार्केट प्रवेश गरी तोडफोड गरिएको छ ।

पृष्ठ १ बाट क्रमशः

## जल्न केही...

सडकमा आउनुअघि भने उनीहरूले सामाजिक सञ्जालका प्लेटफर्महरूमा आन्दोलनको माहोल देशव्यापी बनाएका थिए । नेपोबेबी र वाक अफ नेपालजस्ता अभियानमार्फत जनताले तिरेको करको दुरूपयोग गरेर गैरकानुनी सम्पत्ति आर्जन गरेका नेताको छोराछोरीको विलाशितापूर्ण जीवनको स्रोत के हो भन्दै प्रश्न गरेका थिए । यसमा व्यापक जनसमर्थन थियो ।

यसरी सञ्चालमा प्रतिबन्धबीच केही सामाजिक सञ्जालमार्फत नै माहोल बनाएर उनीहरू विद्यालय पोसाकमै आइतबार ९ बजे काठमाडौंको माइतीघरदेखि शान्तिपूर्ण प्रदर्शनमा निस्किए । प्रदर्शनको सुरुआत प्रहरीलाई फूल दिएर भएको थियो । देशका प्रमुख सहरी क्षेत्रमात्रै होइन, पहाडी जिल्लाका सदरमुकामहरूमा शान्तिपूर्ण प्रदर्शन भएको थियो ।

तर, सोमबार शान्तिपूर्ण प्रदर्शन केही घण्टामै हिंसात्मक बन्यो । प्रदर्शनकारी जेन–जी संसद् भवन कब्जा गर्नेगरी अघि बढे । लगत्तै काठमाडौं जिल्ला प्रशासन कार्यालयले कफर्चु आदेश जारी गऱ्यो । अनि, प्रहरीले घातक बल प्रयोग गऱ्यो । नवजवान युवा विद्यार्थीको टाउको र छातिमा ताकीताकी गोली प्रहार गरेर हत्या गऱ्यो । अनि, काठमाडौंमा मात्रै १७ जना नवजवान ढले । इटहरीमा दुई जना ढले । देशभरमा ४०० बढी घाइते भए । युद्धको झल्को दिने घटना भयो । अर्थात्, बर्बर दमनमा सरकार उत्रियो ।

यो घटनाले देशभर सरकारविरुद्ध आक्रोशको ज्वाला दन्कियो । प्रधानमन्त्रीका रूपमा ओलीले विज्ञप्ति जारी गरेर आन्दोलनमा घुसपैठ भएको र संवैधानिक अंगको सुरक्षाका लागि कदम चाल्दा घटना भएको दाबी गरे । तर, घटना सरकारको घातक बल प्रयोगले भन्दै नागरिक आक्रोश विस्फोट भयो ।

यहीबीच मंगलबार बिहानैदेखि कफर्चु आदेश जारी गरिएको काठमाडौं उपत्यकासहित कास्कीको पोखरा, पर्साको वीरगञ्ज, रूपन्देहीको बुटवल, झापाको दमक र विर्तामोड, मकवानपुरको हेटौंडा, मोरङको विराटनगरलगायत क्षेत्रमै नागरिकको ठूलठूला प्रदर्शन भए । प्रदर्शनमा उत्रिएका नागरिकहरूले बिहानैदेखि शीर्षस्थ नेताहरूको घरमा तोडफोड र आगजनी थाले । सुरुमा सरकारका प्रवक्ता रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङको ललितपुरको सुनाकोठीस्थित घरमा आगजनी गरे । लगत्तै माओवादी अध्यक्ष पुष्पकमल दाहाल बस्ने घरमा आगजनी गरे । बूढानीलकण्ठस्थित कांग्रेस सभापति शेरबहादुर देउवानिवास, कालोपुलस्थित महामन्त्री गगन थापाको निवास, पूर्वगृहमन्त्री रमेश लेखकको नैकापस्थित निवास, बालकोटस्थित प्रधानमन्त्रीसमेत रहेका एमाले अध्यक्ष ओलीको घर र राष्ट्रपति रामचन्द्र पौडेलको बोहराटारस्थित घरमा आगजनी गरे । एमाले पार्टी कार्यालय च्यासल, कांग्रेस पार्टी कार्यालय सानेपा, माओवादी पार्टी कार्यालय पेरिसडाँडा पनि आन्दोलनकारीको तार्गेटमा पऱ्यो । यसपछि प्रहरी विट, प्रभागसँगै संसद् भवन, देशको प्रशासनिक अड्डा सिंहदरबार, सर्वोच्च, विशेष र जिल्ला अदालत खरानी भए । राष्ट्रपति भवन शितल निवास पनि खरानी भयो ।

### अनि, ओलीले घुँडा टेके

नवयुवा पुस्तामाथि नरसंहार मच्चाएपछि चौतर्फी दबाबबीच कांग्रेसबाट गृहमन्त्री भएका रमेश लेखकले आइतबार राति राजीनामा दिए । मंगलबार बिहानैदेखि देशव्यापी आन्दोलन चर्किएर स्थिति नियन्त्रणबाहिर जाँदै गर्दा कांग्रेसबाटै कृषिमन्त्री भएका रामनाथ अधिकारीले राजीनामा दिए । अशोक राई नेतृत्वको जसपाबाट खानेपानी मन्त्री रहेका प्रदीप यादव, त्यसपछि कांग्रेसबाटै कानुनमन्त्री भएका अजयकुमार चौरसिया र युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले राजीनामा दिए । कांग्रेसबाटै उपप्रधान तथा सहरी विकासमन्त्री भएका प्रकाशमान सिंह, परराष्ट्रमन्त्री रहेकी डा. आरजु राणा देउवालगायतले भने राजीनामा दिएनन् । यद्यपि, कांग्रेसबाट मन्त्री भएकाहरूले भटाभट राजीनामा दिनु र परिस्थिति सम्हाल्न चुनौतीपूर्ण भएपछि प्रधानमन्त्री ओलीले सोमबार दिउँसो २ बजेतिर राजीनामा दिए ।

जेन–जीको आह्वानमा भएको आन्दोलन नियन्त्रणबाहिर गएपछि दिएको राजीनामामा भनियो, 'मुलुकमा उत्पन्न असामान्य परिस्थितिलाई ध्यानमा राख्दै संविधानसम्मत राजनीतिक निकासका र समस्या समाधानको थप पहलको लागि संविधानको धारा ७७ (१) क बमोजिम आजैका मितिदेखि लागू हुनेगरी प्रधानमन्त्री पदबाट राजीनामा दिएको छु ।'

उनलाई सोमबार बिहानै विपक्षी दलहरू माओवादी, राप्रपा, नेकपा एसलगायत सम्मिलित बैठकले राजीनामा दिएर निकास दिन सुझाएका थिए । तर, ओलीले टेरपुच्छर लगाएनन् ।

जतिबेलासम्म अर्को विपक्षी दल रास्वपाका सांसद असिम शाहले राजीनामा घोषणा गरेका थिए । लगत्तै सोही दलकी सांसद डा. तोसिमा कार्कीले राजीनामा दिइन् । उक्त दलको आकस्मिक बसेको संसदीय दलले सामूहिक राजीनाको निर्णय गऱ्यो । निर्णयअनुसार राजीनामा आयो ।

राप्रपा, नागरिक उन्मुक्ति पार्टी, जनमत पार्टीलगायत दलका सांसदहरूले राजीनामा दिए । जनमतको मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले पद त्यागे । यस्तो परिस्थितिबीच अन्ततः ओली शासनको अवसान भयो ।

### २४ आन्दोलनकारी र चार प्रहरी मारिए

जेन–जी विद्रोहको क्रममा २४ जना मारिएका छन् । आइतबार १९ जना मारिएकोमा सोमबार थप पाँच जनाको मृत्यु भएको हो । काठमाडौं उपत्यकाको विभिन्न स्थानमा भएको झडपको क्रममा प्रहरीको गोली लागेर उपचारका लागि सिभिल अस्पतालमा ल्याइएकामध्ये तीन जनाको मृत्यु भएको हो । कालिमाटीमा दुई जनाको मृत्यु भएको थियो । घाइतेको संख्या २०० भन्दा बढी छन् । आइतबार र सोमबार भएका घाइते संख्या ६०० नाघेको प्रहरीले जनाएको छ ।

यता चार जना नेपाल प्रहरीले प्रदर्शनका क्रममा ज्यान गुमाएका छन् । कोटेश्वर प्रहरी प्रभागबाट तीन जना प्रहरीलाई ल्याएर आन्दोलनकारीहरूले ज्यान लिएका हुन् ।

महाराजगञ्जमा भने प्रहरी वृत्तमा आन्दोलनकारीले आगो लगाउँदा निसास्सिएर प्रहरी सहायक निरीक्षकको ज्यान गएको उपत्यका प्रहरी कार्यालयका डिआइजी ओम रानाले बताए ।

■■■

## खनाल पत्नी...

हेका कांग्रेस सभापति शेरबहादुर देउवा र परराष्ट्रमन्त्री रहेकी उनकी श्रीमती डा. आरजु राणा परे । उनीहरूलाई आन्दोलनकारीहरूले कुटपिट गरेका छन् । घाइते अवस्थामा दुवैलाई आन्दोलनकारीले सुरक्षाकर्मीलाई बुझाएका छन् । सार्वजनिक भिडियोमा देउवा दम्पत्ति रक्ताम्य देखिन्थ्यो । उनीहरू आगजनी गरेको घरमै फेला परेको थियो ।

सुरक्षा स्थिति नियन्त्रणबाहिर गएपछि उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल हेल्मेट लगाएर बागमती नदीमा हाम फालेका थिए । उनलाई नदीमै लखेटीलखेटी आन्दोलनकारीहरूले कुटपिट गरेका छन् । पूर्वमन्त्रीसमेत रहेका एमाले सांसद एकनाथ ढकाललाई अर्धनग्न पारेर आन्दोलनकारीले कुटपिट गरेका छन् । कुटपिटबाट उनी घाइते भएका छन् ।

■■■

## कम्तीमा दुई...

कैलाली कारागारबाट पनि कैदीबन्दी भागेका छन् । जिल्ला प्रशासन कार्यालयमा आगजनी गरेपछि आन्दोलनकारी कारागार कार्यालयमा प्रवेश गरेका थिए । करिब पौने छ बजेको समयमा उनीहरूले त्यहाँ रहेका करिब ७०० जना कैदीबन्दीलाई बाहिर निकालेर आफूसँगै आन्दोलनमा सहभागी गराएका थिए ।

जिल्ला कारागार तनहुँबाट पनि कैदीबन्दी भागेका छन् । जेन–जी प्रदर्शनकारीहरूको सहयोगमा कैदीबन्दीहरूले कारागार तोडेर भागेका हुन् । दमौलीमा दिन भर जेनजी आन्दोलनकारीले सरकारी कार्यालयहरू जलाएपछि साँझ परेपछि कारागारमा कैदीबन्दी छुटाउन पुगेका थिए ।

प्रहरीका अनुसार जिल्लाबाहिर घर भएका कैन्दीबन्दीहरूलाई जेनजी प्रदर्शनकारीहरूले सार्वजनिक बस, माइक्रो, ट्रकमा चढाएर घर पठाएका छन् । कति केदीबन्दी भागे भन्ने प्रहरीसँगै अहिले तथ्यांक छैन ।

उता दाङको तुलसीपुर कारागारका १२४ कैदी जेल तोडेर भागेका छन् । मंगलबार बेलुकी पाँच बजेतिर कारागारको मुल गेटको पर्खाल तोडेर उनीहरू भागेको कारागारका प्रमुख गिरबहादुर सेजुवालले जानकारी दिए ।

उनका अनुसार कारागार भित्र हो–हल्ला गर्दै गेट तोड्न खोजेपछि सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले हवाइ फायर गरेको थियो । तर पनि उनीहरू भाग्न सफल भएको कारागारले जनाएको छ ।

यस्तै, कञ्चनपुर कारागारबाट पनि कैदीबन्दीलाई जेन–जी प्रदर्शनकारीले भगाएका छन् । ४७८ कैदीबन्दी भएकोमा कतिलाई भगाए भन्ने विवरण कारागार कार्यालयले संकलन गरेको छैन ।

■■■

## जेन–जीलाई...

### सरकारको नेतृत्वमा को ?

प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएसँगै सरकारको नेतृत्वमा को आउने ? चासोको विषय भएको छ । जेन–जी पुस्ताले काठमाडौं महानगरका मेयर बालेन्द्र साहले नेतृत्व सम्हालेको हेर्न चाहिरहेको बताइन्छ । यही बीचमा मेयर साहले सामाजिक सञ्जाल फेसबुकमा जेन–जीलाई सेनासँग वार्ता गर्न तयारी अवस्थामा रहन आग्रहसमेत गरिसकेका छन् । 'अब तपाईंको पुस्ताले नै देशको नेतृत्व गर्नु पर्नेछ । तयार रहनुहोला । साथै, सेना प्रमुखसँग वार्ता गर्न पनि तयार हुनुहोला,' साहले फेसबुकमा लेखेका छन् ।

साहले वार्ता गर्नु अघि संसद् विघटनलाई प्रमुख शर्त मानेका छन् । यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने जेलमुक्त भएसँगै उनलाई पनि नेतृत्वमा ल्याउनुपर्छ भन्नेहरूको मत छ । जेलबाट रिहा भएसँगै लामिछानेले सरकार जेन–जीकै मागअनुसार आउनुपर्ने माग गरेका छन् । 'यो आन्दोलन विशुद्ध जेन–जीको हो । मुलुकको अबको नेतृत्व जेन–जीकै माग अनुसार र जेन–जीकै परिकल्पना अनुरूप अघि बढ्नुपर्छ भन्ने कुरामा म स्पष्ट छु,' लामिछानेले भनेका छन् ।

लामिछानेको दल रास्वपामा अहिले २० सांसद रहेकोमा सबैले राजीनामा दिइसकेका छन् । यस्तो अवस्थामा यही संविधानअनुसार गएमा राष्ट्रपतिले बहुमत जुटाउन सक्ने दलको नेतालाई सरकार बनाउन आह्वान गर्नेछन् । संविधानको धारा ७६ अनुसार नयाँ मन्त्रिपरिषद्को गठन हुने व्यवस्था रहेको छ ।

यसैबीच नागरिक राष्ट्रपति पौडेलसँग समाजका अगुवा, साह, लामिछाने र सुरक्षा निकायका प्रमुख पहिलो चरणको वार्ता भएको बताइएको छ । वार्तामा साहले संसद विघटन हुनुपर्ने माग अघि सार्दा अरु पक्षले कुनै निर्णय दिइनसकेको बताइएको ।


## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १२ अंक १३९ भदौ २४ गते २०८२ मा प्रकाशित **Aseana International Pvt. Ltd** को **Pan Emirates** को Lot No. 330860 को विज्ञापनमा **साउदीमा रोजगार** हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

**Aseana International Pvt. Ltd.**

Samakhusi–26, Kathmandu, Nepal, Tel:- 01-498950, 01-4989850 Govt. License 937/067/068
Email:-aseana.manpower@gmail.com, info@asenainternational.com,
Website:- www.aseanainternational.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

**बुधबार, २५ भदौ, २०८२**

| | |
|---|---|
| **मेष** | सामान्य फलदायी, परिस्थितिसँग सम्झौता । |
| **वृष** | बाधा–व्यावधान, राकम र श्रम खर्च हुनेछ । |
| **मिथुन** | उतारचढाव, असहजर परिस्थिति हुनसक्ने । |
| **कर्कट** | उपलब्धिमूलक, सानो प्रयत्नेल काम बन्ने । |
| **सिंह** | चुनौति भएतापनि उपलब्धि प्राप्त हुनेछ । |
| **कन्या** | महत्वकांक्षाले समस्या निम्तन सक्नेछ । |
| **तुला** | कमजोरीले आर्थिक असन्तुलन बन्न सक्छ । |
| **वृश्चिक** | रोकिएका काम बन्ने, आयस्रोत बढ्नेछ । |
| **धनु** | अवसर प्राप्त भएपनि मिहिनेत गनुपर्नेछ । |
| **मकर** | उतारचढावमा समय व्यतित हुनेछ । |
| **कुम्भ** | उत्सावर्द्धक, प्रतिष्ठत व्यत्तिबाट सहयोग । |
| **मीन** | विषेश काम, रोकिएका काम बन्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२५ भदौ , २०८२ (१० सेप्टेम्बर, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४०.९३ | १४१.५३ |
| युरो | १ को | १६५.२१ | १६५.९२ |
| पाउन्ड स्टिर्लङ | १ को | १९०.४० | १९१.२१ |
| स्विस फ्रैन्क | १ को | १७६.९८ | १७७.७३ |
| अस्ट्रेलियन डलर | १ को | ९२.७७ | ९३.१७ |
| क्यानाडियन डलर | १ को | १०१.९५ | १०२.३८ |
| सिङ्गापुर डलर | १ को | १०९.८० | ११०.२६ |
| जापानी येन | १० को | ९.५४ | ९.५८ |
| चिनियाँ युआन | १ को | १९.७६ | १९.८५ |
| साउदी अरब रियाल | १ को | ३७.५६ | ३७.७२ |
| कतारी रियाल | १ को | ३८.६७ | ३८.८३ |
| थाई भाट | ख १ को | ४.४२ | ४.४४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३८.३७ | ३८.५३ |
| मलेसियन रिङेट | १ को | ३३.३९ | ३३.५३ |
| दक्षिण कोरियन वन | १०० को | १०.१४ | १०.१८ |
| स्विडिस क्रोनर | १ को | १५.०१ | १५.०७ |
| डेनिस क्रोनर | १ को | २२.१३ | २२.२२ |
| हङकङ डलर | १ को | १८.०९ | १८.१६ |
| कुवेती दिनार | १ को | ४६१.३७ | ४६३.३३ |
| बहराइन दिनार | १ को | ३७३.८२ | ३७५.४२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## जेन-जी प्रदर्शनमा जे देखियो...








*तस्विर सौजन्यः एनएफपिजे*

# समस्याको जालोमा चाँगुनारायण मन्दिर

■ रमेश गिरी

**चाँगुनारायण–** विश्व सम्पदा सूचीमा रहेका चाँगुनारायण मन्दिर उपयुक्त ऐन र मागबाट व्यवस्थापन नुहँदा अस्तव्यस्त बनेको छ। नेपालकै सबभन्दा पुरानो धरोहरका रूपमा परिचित १८ सय वर्ष अगाडि निर्माण भएको चाँगुनारायण मन्दिर सञ्चालन एवं व्यवस्थापन पुजारी, स्थानीयवासी र स्थानीय सरकारबीच चाँगुनारायण एकीकृत विकास कोषको रूपमा जान नसक्दा मन्दिरको अस्तित्वमाथि नै संकट पर्न थालेको छ।

चाँगुनारायण मन्दिरका नाममा रहेका विभिन्न समितिहरू र पुजारीहरूमै आरोपप्रत्यारोप छ भने जात्रा, पर्व चलाउन गुठीदेखि सरकारलेसमेत चासो नदिएको भन्दै समस्या मन्दिर संरक्षणमा चासो घट्दै गइरहेको छ। पुरातत्त्व विभागले यसको विकासमा प्रभावकारी कार्य गर्न नसकेको र गुठी संस्थानले आफ्नो नाममा रहेको सम्पत्ति संरक्षणमा चासो नदिएको, पुजारीहरूले भेटी व्यवस्थापन नगरेको, चाँगुनारायणको मूल मन्दिर, छिन्नमस्ता मन्दिर, किलेश्वर महादेव मन्दिरमा रहेका पुजारीबीच नै संघर्ष रहेको, भेटी पुजारी आफैंले राख्ने गरेको, सत्तलमासमेत ताल्चा लगाएको, विदेशीलाई सत्तल भाडामा दिएको, सम्पत्तिको संरक्षण नभएको, मूलढोका र मन्दिर परिसरमै पसल सञ्चालन गरेको, मन्दिर क्षेत्रमै फोहोर थुपारिदिने गरेकोलगायत अनगिन्ती गुनासा र समस्याहरू जेलिएका छन्। यहाँका जात्रा पर्वमा अत्यावश्यक बाजालगायतका परम्परा लोप हुने अवस्थामा पुगिसकेको छ।



### मन्दिर स्थापना र ऐतिहासिक पक्ष

ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्व बोकेको प्राचीन सभ्यताको अद्भूत नमूनाको रूपमा रहेको काठमाडौं उपत्यकाको सबैभन्दा पुरानो मन्दिर एवं सम्पदाको रूपमा चाँगुनारायण मन्दिरलाई चिनिन्छ। गोपाल वंशावलीअनुसार तेस्रो शताब्दीमा इसापूर्व ३२३ मा लिच्छवीकालीन राजा हरिदत्त वर्माद्वारा यस मन्दिर स्थापना गरेको मानिँदै आएको छ।

राजा मानदेवले आफ्नो पिताको मृत्युपछि दोष निवारण गर्न आफ्ना आमाको साथमा आएर चाँगुनारायणको पूजा गरेको र उनले ५२१ अर्थात् इसापूर्व ४६४ मा मन्दिरपरिसरमा गरुडको मूर्ति स्थापना गरी शिलालेख राखेको उल्लेख छ। नेपालको सबभन्दा पुरानो ऐतिहासिक शिलालेखको रूपमा चिनिन्छ।

मध्यकालमा राजा शिव सिंहकी रानी गंगारानी र १८औं शताब्दीको सुरुमा कान्तिपुरका राजा भास्कर मल्लले मर्मतसम्भार गरेको मानिन्छ। सन् १९७९ मा यस मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गरेपछि मन्दिरले अन्तर्राष्ट्रिय पहिचान पाएको हो।

वास्तुकलाको अनुपम नमूना मानिने यस मन्दिर दुई तह प्यागोडा शैलीमा निर्माण गरिएको मन्दिरमा काठ, इँटा, ढुंगा, धातुमा सुन्दर कलात्मकता पाइन्छ भने यहाँ कोरिएका मूर्तिहरू, ढोका तोरण, गंगा-यमुनादेवी मूर्तिहरू र गरुड चढेको विष्णु प्रस्तर मूर्ति महत्त्वपूर्ण कलात्मक पक्ष मानिन्छ। काठका स्तम्भ र तोरणमा विष्णुका त्रिविक्रम, नरसिंह, बराह आदि अवतार, काली, गरुड, सिंह आदिको कलात्मक मूर्तिकला रहेका छन्।

चाँगुनारायण मन्दिर भगवान् विष्णुको स्वरूप भएकाले यहाँ परम्परागतरूपमा वैष्णव परम्पराअनुसार पूजा गरिँदै आएको छ। माघ शुक्ल पूर्णिमा, हरिबोधिनी एकादशी, नागपञ्चमी, जनैपूर्णिमा यहाँ विशेष पूजा एवं मला लाग्ने गर्दछ। यहाँ दैनिक बिहान-साँझ नित्य पूजा गरिँदै आएको छ।

### चाँगुनारायणबारे किम्बदन्ती

परापूर्वकालमा विशाल चाँपका जंगल रहेको दोलाशिखर स्वामीको नाममा चिनिने यस क्षेत्र पछि चम्पक (चाँप) र वन (गुँ) नामबाट 'चाँगुनारायण' नामाकरण हुन गएको कथन छ। यहाँका ब्राह्मणले गाई पालेका थिए। सुदर्शन नामका गोठालोले गाई चराउने, दूध पुर्‍याउने गर्थे। धेरै दिन गाईले दूध नदिएको जानकारी पाएपछि ब्राह्मणले दूध चोर्ने व्यक्तिलाई काट्छु भन्दै तरबार बोकेर आए। जंगलमा गाई चराउँदा एउटा ठूलो चाँप (चम्पक) को रूखमा पुगेपछि दूध आफैं हराएको देखेर अचम्मित भए।

त्यहीबेला त्यही रुखबाट एउटा कालोमान्छे निस्किएर हिडेको देखेर ब्राह्मणले टाउको काटिदिए। त्यसपछि भगवाण विष्णुले आफ्नो स्वरुको दर्शन दिएर आफूलाई श्राप मुक्त गरी सोही ठाउँमा भगवान् विष्णु बसेको र गोठालाहरूलाई पुजारी बनाएको धार्मिक मान्यता रहँदै आएको छ।

### मन्दिरको संरक्षणमा नगरपालिकाको चिन्ता

चाँगुनारायण मन्दिरको दीर्घकालीन संरक्षणका लागि पशुपति विकास कोषको मोडालिटीमा सञ्चालन गर्न चाँगुनारायण नगरपालिकाले नेपाल सरकारलाई अनरोध गरेको छ। नगरप्रमुख खत्री भन्छन्, 'चाँगुनारायण मन्दिरलाई पशुपति विकास कोषको ढाँचामा लैजान हतार भइसक्यो। यसका लागि नगर कार्यपालिका बैठकले निर्णय गरेर सरकारलाई पत्राचार गरिसकेको छ, संस्कृति तथा पर्यटन मन्त्रालयलाई पनि पत्र पठाएर अनुरोध भएको छ। चाँगुनारायण मन्दिरलाई नेपाल सरकारले कोषमा लगेर छिट्टै व्यवस्थापन गर्न अनुरोध गर्दछौं।'

नगरप्रमुख खत्रीले पटक-पटक समिति र पुजारीहरूसँग बसेर मन्दिरलाई व्यवस्थितरूपमा सञ्चालन गर्न नगरपालिकाले प्रयास गर्दा पनि छलफलमा सहभागी नै नहुँदा समस्या समाधानतर्फ नबढेको बताउँछन्। चाँगुनारायणबाट काठमाडौंको हनुमानढोका हुँदै राष्ट्र प्रमुखसम्म, उत्तरमा साँखुसम्म यहाँको जात्रा, पर्व परम्परा जाने, माघमा स्वस्थानीको व्रतमा यहाँ आउनैपर्ने जस्ता धेरै परम्पराहरू रहेकाले मन्दिर व्यवस्थापनमा सरकारले चासो दिनुपर्ने उनको भनाइ छ।

विश्वमा चर्चामा रहेको यस मन्दिर विश्वभरका हिन्दू, बौद्ध र वैष्णव धर्मावलम्बीहरूको ठूलो आस्था रहेको बताउँदै उनले भने, 'यहाँका पुजारीहरू र स्थानीयको कुरा नै फरक छ, स्थानीयको अपनत्व जुटाउनै मुस्किल परेको छ। नगरपालिकाले पर्यटन शुल्कबाट उठाएको रकमभन्दा धेरै यहाँको विकासका लागि खर्च गरेका छौं।' उनले मन्दिरको विकास, लोप हुन लागेको जात्रा पर्वको संरक्षण गर्ने, त्यहाँको जग्गाको अवस्था, आयस्रोतको अवस्थालाई व्यवस्थित गर्ने र नगरपालिकाले बजेट थप गर्नु आफू नगरप्रमुख भएदेखि नै लागिरहेको बताए।

चाँगुनारायण मन्दिर यहाँका बासिन्दाका लागि सुनको कचौरा भएकाले यसलाई पित्तल हुनबाट जोगाउन, नगरपालिका, वडा कार्यालय, समितिहरू, स्थानीय समुदाय एक भएर लाग्नुपर्ने उनको भनाइ छ। नगरप्रमुख खत्रीले भने, 'मन्दिर क्षेत्रको सिमांकन गर्ने, जग्गाको संरक्षण गर्ने, सबै व्यवस्थित गर्ने हो भने नगरपालिका मन्दिरका लागि २० करोड रूपैयाँसम्म लगानी गर्न पनि तयार छ, तर स्थानीयले अपनत्व चाहिँ लिनुपर्छ, जथाभावी छाड्नु हुँदैन।'

चाँगुनारायण मन्दिरको विशेषतालाई विश्वभर प्रचार गर्नसके पर्यटकको ओइरो लाग्छ भन्दै उनले पशुपति मन्दिरमा आउने पर्यटकमध्ये दुई प्रतिशत वैष्णव धर्म मान्ने पर्यटकलाई मात्रै यस मन्दिरमा ल्याउनसके यहाँको आम्दानीले नै सबै खर्च धान्न सक्ने बताए। चाँगुनारायण मन्दिरको प्रचारप्रसारकै लागि नगरकोट भ्रमण वर्ष-२०८२ को अवसर पारेर पहिलोपटक नगरपालिकाले आउँदो असोज ११ गते मनाइने विश्व पर्यटन दिवस मन्दिरमै भव्यरूपमा आयोजना गर्ने भएको छ। मन्दिरमा एक महिने विष्णु पुराणको आयोजना गर्ने घोषणा गरेको छ।

चाँगुनारायण नगरपालिका-४ का वडाध्यक्ष रोजबहादुर तामाङले चाँगुनारायणको संरक्षण र यहाँको सम्पत्तिको संरक्षणमा स्थानीय समुदाय, पुरातत्त्व विभाग र गुठी संस्थानले चासो दिन नसकेको औंल्याए। वडा नं. ५ का वडाध्यक्ष जयन्द्र खड्काले स्थानीयले जिम्मेवार बहन नगर्दा त्यहाँ उब्जिएका समस्याको दोष नगरपालिकालाई देखाउने गरिएको बताउँछन्। चाँगुनारायणको दीर्घकालीन विकासका लागि चरणबद्धरूपमा समुदायस्तरले नै छलफल गर्नुपर्ने उनको भनाइ छ।

### पुरातत्व र गुठी संस्थानको यस्तो छ भनाइ

पुरातत्त्व विभाग दरबार हेरचाह अड्डा भक्तपुरका प्रमुख देवेन्द्र भट्टराईले विश्वसम्पदा सूचीमा रहेको यस मन्दिरमा स्थानीयले जथाभावी फलामको मेच राख्ने, मन्दिर प्रवेशद्वारमै जस्ताको टवस्था रहे युनेस्कोले सूचीबाट हटाउन सक्ने उनको भनाइ छ। जुनसुकै काम गर्दा पनि विभागसँग स्वीकृत लिएर गर्नुपर्नेमा जथाभावी भइरहेको भन्दै उनले मन्दिरका विभिन्न संरचनाको पुनर्निर्माणका लागि बजेट नहुँदा केही गर्न नसकेको बताए।

यता गुठी संस्थान जिल्ला कार्यालय भक्तपुरकी प्रमुख खिमा ओलीले मन्दिरमा मंसिरमा हुने महास्नान पर्व गुठीले खर्च गरिदिने गरेको बताउँदै अरु जात्रा, पर्व खर्च मन्दिरको विभिन्न गुठीका नाममा रहेको जग्गाबाट प्राप्त आयस्रोतबाट खर्च गर्नुपर्ने बताउँछन्। उनले भने, 'चाँगुनारायण मन्दिरको मल्लकालीन दरबार, महादेवको मूल मूर्ति, चाँगुनारायणको कूल मन्दिरलगायतका धेरै संरचना व्यक्तिले निजी बनाएर राखेको गुनासो र उजुरी स्थानीयबाट आएको हो, त्यसबारे अख्तियारले पनि लामो समयदेखि छानबिन गरिरहेको छ। संस्थानले पनि मुद्दा हेरिरहेको छ।'

### यसो भन्छन् मूल पुजारी

चाँगुनारायणमा मूल पुजारी एवं चाँगुनारायण मन्दिर विकास समितिका अध्यक्ष चक्रधरानन्द राजोपाध्याय पशुपति विकास कोषअनुरूप नै चाँगुनारायण विकास कोष बनाई सरकार मातहत ल्याएर मन्दिरको सम्पूर्ण व्यवस्थापन चलाउनु पर्ने बताउँछन्। उनी भन्छन्, 'हामीले २० वर्षदेखि यो आवाज उठाउँदै आएका छौं। अहिले नगरप्रमुखले पनि कोषकै ढाँचामा चलाउनुपर्छ भन्नुभएकामा हामी खुसी छौं।'

यस मन्दिरमा तीनवटा सरकारी संस्थाका ऐन रहेको बताउँदै उनले भने, 'पुरातत्त्व ऐन यहाँ लागू छ, यो ऐनले पुरातत्त्व विभागसँग सहमति र स्वीकृतिविना केही गर्न पाइँदैन भन्छ, अर्को गुठी ऐन यहाँ लागू छ, गुठी संस्थानले यहाँका परम्परागतरूपमा रहेको मन्दिर, पाटी पौवा, पुजारी, सबै गुठीको मातहत चल्नुपर्छ भन्छ, अर्को नगरपालिका ऐनले पनि स्थानीय सम्पदा स्थानीय सरकार मातहत छ भन्छ, अनि काम कसरी हुन्छ ?'

पुजारीलगायतलाई उचित तलबको व्यबस्थापन गरेमा मन्दिरका भेटी एकत्रित गरी सरकारी राजस्व कोषमा लैजान तयार रहेको मूल पुजारी राजोपाध्यायले बताए। उनले भने, 'चाँगुनारायणको मल्लकालीन राजदरबार र कूल देवताको मन्दिर एवं देवस्थलसहितको कित्ता नम्बर २१० रहेको बगैंचासहितको जग्गा हिनामिना भई व्यक्तिको नाममा जाँदा पनि गुठी संस्थान मूकदर्शक भएको छ। व्यक्तिको घरको कम्पाउण्डमा मन्दिरसहित पाँच फिट अग्ला मूर्ति चाङ लगाएर राखिएको छ, ती सबै जग्गा एवं संरचना मन्दिरकै नाममा फिर्ता हुनुपर्छ।'

मुहाली बाजा, पञ्चेबावालगायतको अस्तित्व जोगाउन, मन्दिरका लागि फूल ल्याउन ५५० रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म शुल्क लिएर विशेष आरतीको सुरुआत गरेसँगै केही राहत मिलेको बताउँदै पशुपतिनाथ मन्दिरमा गरिने पूजा विधि अनुसार नै चाँगुनारायण मन्दिरको नित्य पूजा विधि युगौंदेखि चल्दै आएको बताए।

किलेश्वर मन्दिरका पुजारी शंकरराज भट्टले मन्दिरको अवस्था देख्दा मुटु पोल्ने गरेको भन्दै अद्बितीय कलाले भरिपूर्ण चाँगुनारायणको अबस्था देख्दा दुःख लाग्ने गरेको बताउँछन्। उनले १०९० सालमा खरिद गरेको जग्गालाई विवादित बनाएको बताउँदै गुठीले रोपनीको २०० देखि ३०० मा जग्गा बिक्री गर्नु दुर्भाग्य भएको बताउँछन्। छिन्नमस्ताका पुजारी कलासमान कर्माचार्य, मन्दिरका भडेँल नाइके श्रीकुमार भडेँल, मन्दिर व्यवस्थापन समितिका सदस्य दिनेश खनालले सरोकारवाला सबै निकाय एकै ठाउँमा बसेर समस्याको समाधान खोज्न सके चाँगुनारायणको बृहत्तर विकास हुने बताउँछन्। *रासस*

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## सर्वसहमतीय सरकार अबको विकल्प

सत्ताको तुजुकका कारण जेन–जीमाथि गोली वर्षाउँदा केपी शर्मा ओली नेतृत्वको सरकार क्षणभरमै ढलेको छ । यतिमात्र हैन समयमै निर्णय गर्न नसक्दा र ओलीलाई नै साथ दिँदा कांग्रेस सभापति शेरबहादुर देउवा पनि आन्दोलनकारीका निशानामा परेका छन् । जनआक्रोशलाई कम आँक्दा आन्दोलन नियन्त्रणबाहिर गइसकेको छ । देशभर ठूलो धनजनको क्षति भयो । यस्तो हुनुमा दुई दलको बहुमतको दम्भ त थियो नै, देशमा चरम निराशा व्याप्त भएको समय थियो ।

यहीबेला सामाजिक सञ्जाल बन्द गरेर सरकारले आगोमा घिउ थप्ने काम गर्‍यो । जेन–जीको अनुरोधलाई सरकारले बेवास्ता गर्‍यो । यही विषयले लिएर ओली नेतृत्वको सरकार क्षणभरमै ढल्यो । १० वर्षको युद्धसँगै चलेको लामो समयको शान्ति प्रक्रियापछि देशले विकासको एउटा ट्र्याक समाउँदै थियो । तर दलका नेताहरूको आफन्तवाद, भ्रष्टाचार, बेरोजगारीजस्ता विषयले यो व्यवस्थामाथि पनि ठूलो प्रश्न सिर्जना भएको छ ।

नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्रजस्ता दलहरू मिलेर ल्याएको लोकतान्त्रिक गणतन्त्र अब आउने नेतृत्वले नमान्ने शिराबाट छलफल अब सुरु भएको छ । समावेशी लोकतन्त्र लामो संघर्षपछि आएको शासन हो । तर नेताले मनपरि गर्न थालेपछि यो व्यवस्थाप्रति वितृष्णा जागेको जगजाहेरै छ । खासमा व्यवस्था राम्रो भए पनि नेतातन्त्र लागू हुँदा देशको अवस्था यस्तो भएको छ । अब नयाँ व्यवस्थामा जाने हो भने फेरि यो सर्वस्वीकार्य हुन २०–२५ वर्ष लाग्न सक्छ । यद्यपि, नयाँ व्यवस्थामा जाने हो भने तुरुन्तै संसद् विघटन गरी सर्वपक्षीय र सर्वसहमतिको सरकार गठन गर्नुपर्छ ।

यसले देशका लागि र जनताका लागि के–कस्तो हित गर्छ भन्ने विषयमा गम्भीर बहस हुनैपर्छ । सहमतिको नाममा कुनै अमुक व्यक्ति छान्नुभन्दा पनि सर्वपक्षीय र सर्वस्वीकार्य व्यक्तिलाई अघि सारेमा यसले दीर्घकालीन फाइदा पनि पुग्ने छ ।

अबको नेतृत्व सम्हाल्नेले देशको शासनसत्तादेखि भौतिक संरचनाहरूकै पुनर्संरचना गर्नुपर्ने हुन्छ । एक त प्रशासन भ्रष्टाचारका कारण संक्रमित छ । अर्को प्रशासन सञ्चालनको थलो सिंहदरबारदेखि जिल्लाजिल्लाको मुख्यालय ध्वस्त बनेको छ । यी दुवै फेरि बनाउन खर्बौं बजेट लाग्ने देखिन्छ । यसका लागि दातृ निकायसँग सहयोग लिनेदेखि छिमेकी राष्ट्रहरूसँग कूटनीतिक सम्बन्ध राम्रो बनाउन सक्ने नेतृत्व पनि आजको आवश्यकता हो । यही विषयलाई मध्यनजर गर्दै राष्ट्रपति र सेनाको सहजीकरणमा चाँडो सर्वसहमतीय सरकार अबको उत्तम विकल्प हुने छ ।

### श्रम सरोकार

## विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीबाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन–कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

**वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः**

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालनलगायत)मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# विश्वकपका लागि नेपालले सामना गर्नुपर्ने चुनौती



■ राजु सिलवाल

नेपालले विश्वकपकै अभ्यासको सिलसिलामा अब वेस्ट इण्डिजजस्तो अनुभवी टिमसँग तीन म्याच खेलेर पक्कै पनि थप अनुभव हासिल गर्न पाउने छ । त्यसपछि ओमानमा विश्वकपका लागि नेपालले एसिया तथा पूर्वी प्रशान्त क्षेत्रको छनोट चरणमा प्रतिस्पर्धा गर्ने छ । नेपाली टिमले कुवेत तथा जापानसँग प्रतिस्पर्धा गर्दै विश्वकपमा छनोट हुने लक्ष्य राखेको छ । उक्त समूह चरणको प्रतिस्पर्धामा नेपाल एक खेलमा पराजित भए पनि प्रतियोगिताबाट बाहिरिन सक्ने चुनौती पनि रहेको छ ।

विश्व क्रिकेट जगतमा नेपालले आफ्नो उपस्थिति दिनहुँ फराकिलो बनाउँदै गइरहेको छ । पछिल्लो समयमा नेपालले क्रिकेटमा देखाएको प्रगतिउन्मुख सहभागितालाई विश्वकै क्रिकेट प्रेमीहरूले सन्तोषजनक रूपमा नियालिरहेको पाइएको छ । नेपालले पुरुष होस् वा महिला क्रिकेटका अन्तर्राष्ट्रिय प्रतियोगिताहरूमा देखाउँदै आएको बलियो दाबेदारी देख्दा कुनै पनि नेपाली खेलप्रेमीहरूलाई गर्व लाग्ने गरेको छ । नेपाली खेलाडीहरूले सीमित साधन स्रोतकाबीच पनि सम्भावनाका ढोका खोल्दै गइरहेका छन् । विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा उनीहरूले देखाएको उत्कृष्ट प्रदर्शनले नै नेपाली क्रिकेटप्रेमीको संख्या दिनहुँ बढाउँदै गएको कुरामा सहमत हुन सकिन्छ । यस कार्यमा दर्शकहरूको पनि महत्त्वपूर्ण योगदान रहिआएको छ । नेपाल होस् वा अन्य मुलुकमा नेपाली टिमको प्रतिस्पर्धा भएको बखत हुने गरेको खेलप्रेमीहरूको अपार उपस्थितिलाई अन्तर्राष्ट्रियरूपमै आश्चर्यका रूपमा लिइएको छ ।

नेपालमा विदेशबाट भित्रिएका पुरानो खेलमध्ये क्रिकेट एक मानिन्छ । तत्कालीन राणाकालदेखि नै सीमित उच्च सम्भ्रान्तहरू मनोरञ्जनका लागि क्रिकेट खेल्ने गर्दथे । नेपाल क्रिकेट संघ क्यानको स्थापना विक्रम संवत् २००३ सालमा भइसकेको थियो । विगतमा सीमित घरेलु प्रतियोगितामै अल्झिरहेको नेपालले गत सन् १९९६ मा पहिलोपटक मलेसियामा प्रथम एसिसी ट्रफी क्रिकेट प्रतियोगिता खेलेर अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएको थियो । नेपाललाई विश्वव्यापी क्रिकेट मन्चमा स्थापित गराउन क्यानको भूमिका महत्त्वपूर्ण रहँदै आइरहेको छ ।

नेपाली राष्ट्रिय क्रिकेट टिम अस्ट्रेलिया भ्रमण टुंग्याउने क्रममा रहँदा नेपाल क्रिकेट संघ(क्यान) लाई राष्ट्रिय खेलकुद परिषद्ले उत्कृष्ट खेल संघ घोषणा गर्‍यो । नेपालमा रहेका सयौं खेल संघहरूमध्ये क्यान उत्कृष्ट खेल संघ घोषित भएको हो । क्यान देशकै व्यस्त खेल क्यालेण्डर भएको उदाहरणीय खेल संघ बन्न पुगेको छ । विभिन्न घरेलु क्रिकेट गतिविधि सञ्चालनका साथै अन्तर्राष्ट्रिय सहभागिताको तयारीमा क्यान व्यस्त रहेको छ ।

सन् २०२६ मा भारत र श्रीलंकामा आयोजना हुने 'टि ट्वान्टी' पुरुष विश्वकपको छनोट चरण पार गर्नका लागि क्यानले नेपाली टिमलाई नेपाल तथा भारतमा प्रशिक्षण दिनुका साथै अस्ट्रेलियाको लामो भ्रमणको व्यवस्थापन गर्‍यो । नेपालको अर्को टिमले भारतको आसाममा अभ्यास म्याच खेल्ने अवसर प्राप्त गर्‍यो । अब नेपाली टिम वेस्ट इण्डिजसँग सारजहाँमा खेलेर यही अक्टोबरमा ओमानमा छनोट चरणमा प्रतिस्पर्धाका लागि जाने छ ।

### टि–ट्वान्टी विश्वकपमा प्रवेश

नेपाल सन् २०१४ मा पहिलोपटक अन्तर ाष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) 'ट्वान्टी ट्वान्टी' विश्वकपमा प्रवेश गरेको थियो । बंगलादेशमा भएको उक्त प्रतियोगितामा पहिलोपटकको प्रवेशमै नेपालले हङकङ र अफगानिस्तानलाई पराजित गरी अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो सशक्त उपस्थिति जनाएको थियो । नेपाली टिम सन् २०२४ मा १० वर्षपछि आइसिसी पुरुष 'टि ट्वान्टी' विश्वकपमा पुनः प्रवेश गर्न सफल भएको थियो ।

नेपालले विश्वकपमा सहभागिता जनाउन पाएको अवसरको मूल कारण नेपालले क्रिकेटमा गरेको यथोचित प्रगतिलाई मान्न सकिन्छ । विश्वकपका सिलसिलामा नेपाली खेलाडीहरूले विश्वका उत्कृष्ट टिमहरूसँग खेल्ने अवसर पाउनु सानो उपलब्धि होइन । अनुभवी खेलाडीहरूसँग खेल्दा हासिल भएको ज्ञानले नेपाली खेलाडीलाई अझै पारंगत गर्दै लगेको महसुस गर्न सकिन्छ । यसअघि नेपालले सन् २०२३ को एसिया कपजस्तो महत्त्वपूर्ण क्षेत्रीय प्रतियोगितामा पहिलो पटक उपस्थिति जनाएर भारत, पाकिस्तानजस्ता बलिया प्रतिस्पर्धीहरूको सामना गरेको थियो ।

### आगामी विश्वकपको तयारी

नेपाल अहिले सन् २०२६ मा भारत र श्रीलंकामा आयोजना हुने टि ट्वाण्टी विश्वकप क्रिकेटको तयारीमा रहेको छ । यसै सिलसिलामा नेपाली राष्ट्रिय क्रिकेट टिम लामो अबधिको अस्ट्रेलिया भ्रमणबाट मिश्रित नतिजाको अनुभव बटुलेर स्वदेश फर्केको छ । नेपाली टोलीले पहिलोपटक डार्विनमा आयोजित टप इण्ड टि ट्वान्टी क्रिकेट प्रतियोगितामा सहभागिता जनाउनुका साथै अस्ट्रेलियाली टिमसँग अभ्यास खेल खेलेको थियो । आगामी पुरुष विश्वकपको छनोट चरण पार गर्नका लागि क्यानले नेपाली टिमको व्यस्त तालिकाको व्यवस्थापन गरेको छ ।

टिमले नेपाल तथा भारतमा प्रशिक्षण गर्नुका साथै अस्ट्रेलियाको भ्रमण गरेको थियो । क्यानले नेपालकै अर्को क्रिकेट टिम बनाएर भारतको आसाममा अभ्यास म्याच खेल्न पठाएको थियो । नेपाली टिम अब सेप्टेम्बरको अन्तिम हप्ता वेस्ट इण्डिजसँग अभ्यास म्याच खेलेपछि अक्टोबरमा ओमानमा छनोट चरणमा प्रतिस्पर्धाका लागि जाने छ । र, क्यानले राष्ट्रिय टिमका लागि व्यस्त तालिकाको व्यवस्थापन गरेर विश्वकप छनोटका लागि बलियो आधार बनाउँदै लगेको महसुस गर्न सकिन्छ ।

### अस्ट्रेलिया भ्रमणको उपलब्धि

नेपाली राष्ट्रिय पुरुष क्रिकेट टिमको अस्ट्रेलिया भ्रमण सशक्त प्रदर्शनका साथै शृंखला शैलीमा समाप्त भएको थियो । नेपाली टिमका कप्तान रोहित पौडेलको शतकसँगै साउथ अस्ट्रेलिया टिमलाई दुई विकेटले पराजित गर्दै नेपालले अस्ट्रेलिया भ्रमणको सुखद् अन्त्य गरेको थियो । भ्रमणको क्रममा नेपालले विभिन्न म्याचमा भोगेको पराजयको आधारमा आलोचनासमेत खेपेका कप्तान पौडेलले अन्तिम खेलमा आफू लयमा फर्किएको प्रमाणित गर्दै सानदार प्रदर्शनका साथ १०१ रन बनाउन सफल भएका थिए ।

नेपालका लागि अस्ट्रेलिया भ्रमण टिमको समग्र अवस्थाको मूल्यांकनका लागि महत्त्वपूर्ण रहयो । नेपाली खेलाडीहरूले विभिन्न खेलमा अभ्यास गर्ने अवसर पाउनुका साथै अन्तर ाष्ट्रिय अनुभव हासिल गर्ने मौका प्राप्त गरेका थिए जुन 'टि ट्वान्टी' विश्वकपको छनोट चरणका लागि सहयोगी हुने अपेक्षा गरिएको छ । विभिन्न खेलमा खेलाडीहरूको वर्तमान क्षमताको अवस्था थाहा हुनुका साथै आगामी दिनमा सुधार गर्नुपर्ने पक्ष स्पष्ट भएको थियो । नेपाली टिमले विश्वकप छनोटका लागि लिनुपर्ने रणनीतिका लागि पनि क्यानलाई यो भ्रमणले मार्गनिर्देशन दिएको छ ।

### कस्तो भयो नतिजा ?

नेपालले अस्ट्रेलियामा जित तथा हार दुवै व्यहोरेर मिश्रित नतिजा हासिल गरेको थियो । नेपाली टिमले अस्ट्रेलियामा पहिलो पटक 'टप इण्ड टि ट्वान्टी' सिरिजमा प्रारम्भिक चरणबाटै बाहिरिएर आठौं स्थान प्राप्त गरेको थियो । उक्त प्रतियोगितामा नेपालले खेलेका छ म्याचमध्ये चार खेलमा हार्नुका साथै दुई खेल जितेको थियो । नेपालले उक्त प्रतियोगितामा प्रारम्भिक म्याचहरूमै राम्रो प्रदर्शन गर्न सकेन ।

सुरुमा लगातार तीन वटा म्याचमा नर्दन टेरिटोरी स्ट्राइक, बंगलादेश ए तथा मेलबोर्न स्टार्स एकेडेमीसँग पराजय भोग्दा नेपालको राष्ट्रिय टिमले अस्ट्रेलियाको एकेडेमिक टिमसँगसमेत जित्न नसकेको भनी आलोचनासमेत भएको थियो । त्यसपछि नेपालले होवर्ट होरिक्यान्स एकेडेमी र मेलबर्न रेनिगेडस एकेडेमीलाई हराएको थियो भने पाकिस्तान शाहिन्स टिमसँग झिनो अंकले पराजित हुन पुगेको थियो ।

### एकै दिन दुई जित

नेपालले अस्ट्रेलियामा एकै दिनमा दुई खेलको अनुभव पनि हासिल गर्‍यो । नेपाल टिमले अभ्यास खेलको क्रममा एकै टिमसँग दुईवटा म्याचमा खेलले विजय हासिल गरेको थियो । नेपालले अस्ट्रेलियाको क्यापिटल टेरिटोरी टिमलाई पहिलो खेलमा ४१ रनले तथा दोस्रो खेलमा छ विकेटले हराएको थियो । नेपालले अन्तिम अभ्यास खेलमा साउथ अस्ट्रेलियालाई दुई विकेटले हराएको थियो । सो खेलमा कप्तान रोहित पौडेलले उत्कृष्ट प्रदर्शन गर्दै शतक बनाएका थिए ।

### प्रशिक्षकको सहासिक निर्णय

विगतदेखि नै नेपालले क्रिकेटका राष्ट्रिय वा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्दा टिम कप्तानलाई मूल जिम्मेवार बनाइने गरिएको थियो । तर यसपालि अस्ट्रेलियामा भएको एक खेलमा कप्तान नै खेल्नबाट बञ्चित हुनुपरेको प्रसंग चर्चित हुन पुग्यो । अस्ट्रेलियाका पूर्वब्याटस्म्यान रहेका नेपाली टिमका मुख्य प्रशिक्षक स्टुआर्ट लले कप्तान रोहित पौडेललाई नै खेल्न अनुमति नदिई बेञ्चमा राखेर नौलो प्रयोग गरेका थिए ।

उनले लेग स्पिनर सन्दिप लामिछाने, विकेट किपर आशिफ सेख, करण केसीलगायतका प्रमुख खेलाडीलाई पनि बेञ्चमै राख्ने सहासिक निर्णय गरेका थिए । त्यतिखेर उनले उप कप्तान दिपेन्द्रसिंह ऐरीलाई टिम नेतृत्व दिएका थिए । मुख्य प्रशिक्षकले दिएको जिम्मेवारीलाई दिपेन्द्रले कुशलतापूर्वक सम्पन्न गर्दै नेपाललाई जित दिलाउन अग्रणी भूमिका खेलेका थिए ।

### कुशल प्रदर्शन

कप्तान रोहित पौडेलले अस्ट्रेलियामा नेपालको अन्तिम अभ्यास खेलमा शतक प्रहार गरेर आफूलाई अब्बल साबित गरेका थिए । यसैगरी उपकप्तान दिपेन्द्रसिंह ऐरीले पनि आफ्नो भूमिका यथोचित् रूपमा प्रदर्शन गरेका थिए । लेग स्पिनर सन्दिप लामिछानेका साथै सोमपाल कामी, नन्दन यादवले अधिकांश खेलमा विकेट लिन सफल भएका थिए । अझ उनीहरू बेग्लाबेग्ला बेग्लाले एउटै खेलमा लिएको सर्वाधिक पाँच विकेट प्रशंसनीय थियो ।

### झिनो पराजय

नेपाली क्रिकेटको इतिहासमा झिनो अंकको पराजयलाई नेपाली क्रिकेटप्रेमीहरूले कहिल्यै भुल्ने छैनन् । नेपाल पाकिस्तान शाहिन्स टिमसँग एक रनको अन्तरले मात्र पराजित भएको थियो । 'टप इण्ड टि ट्वान्टी' सिरिजमा नेपालको अन्तिम खेल अवधिभर विजयको खुसियाली मनाइरहेका नेपाली दर्शकलाई अन्तिममा दुःखी बनाउँदै नेपाली टिम प्रतियोगिताबाट बाहिरिएको थियो । खेलमा जितका लागि १४५ रन पछ्याएको नेपालले १४३ रन बनाइसकेको अन्तिम ओभरमा सम्हालिन नसक्दा पराजित हुन पुगेको थियो ।

### नेपाली दर्शकको साथ

अस्ट्रेलियामा नेपाली टिमको सबैजसो खेलमा दर्शकहरूको उपस्थिति उल्लेखनीय रहयो । विशेषगरी नेपाली दर्शकले नेपाली टिमका खेलाडीहरूको मनोबल उकास्न विशेष भूमिका खेलेका थिए । नेपाली टिमको खेल सार्वजनिक बिदा नपरेका दिनमा पर्दा पनि नेपाली क्रिकेटप्रेमीहरू खेल हेर्न बाजागाजासहित उपस्थित हुने गरेका थिए । नेपाली खेलाडीहरू प्रतियोगितामा सहभागी हुन डार्विनको विमानस्थल पुगेदेखि अन्तिम खेलसम्म नै दर्शकहरूले नेपाली टिमप्रति देखाएको सद्भाव प्रशंसनीय थियो । अस्ट्रेलियाका अन्य सहरबाट समेत नेपाली दर्शकहरू नेपालको खेल हेर्न डार्विन पुगेका थिए । खेल सुरु भएदेखि अन्त्य नहुञ्जेलसम्म नेपाली खेलप्रेमीहरूले गरेको अपार समर्थनले नेपाली टिमलाई उत्साहित बनाउन ठूलो भूमिका खेलेको थियो ।

क्रिकेटप्रेमीहरू नेपाली टिमको जर्सी लगाएर राष्ट्रिय झण्डासहित क्रिकेट मैदानमा उपस्थित भएका थिए । सामाजिक सञ्जालको माध्यमबाट पनि अस्ट्रेलियामा रहेका नेपाली क्रिकेट समर्थकहरूले व्यापकरूपमा नेपाली टिमको समर्थन गरेका थिए । नेपाली टिमको खेल सम्पन्न भइसकेपछि डार्विनमा रहेका नेपाली समुदायले एक समारोहको आयोजना गरी सबै खेलाडी तथा अफिसियलहरूलाई प्रशंसापत्र प्रदान गरेका थिए । अस्ट्रेलियामा करिब एक लाख नेपाली रहेको अनुमान गरिएको छ । सिडनी, मेलबर्न, डार्विन, पर्थ, ब्रिसबेनलगायतका सहरमा नेपालीको संख्या अत्यधिक रहेको पाइन्छ । त्यहाँ स्थानीय तहमा आयोजना हुने गरेका विभिन्न क्रिकेट प्रतियोगितामा नेपालीहरूले खेलाडीका हैसियतले भाग लिने गरेका छन् । नेपालमा स्थापित भइसकेका केही खेलाडी अस्ट्रेलियामा व्यावसायिक खेलमै संलग्न हुँदै आइरहेका छन् । अस्ट्रेलियामा रहेका नेपालीहरूको आफ्नै क्रिकेट एसोसिएसनसमेत क्रियाशील रहेको छ । त्यहाँ रहेका नेपलिज क्रिकेट क्लब मेलबर्न, हिमालयन क्रिकेट क्लब, गोर्खाज क्रिकेट क्लबजस्ताजस्ता खेलकुद संस्थाले नियमितरूपमा क्रिकेट प्रतियोगिताहरू आयोजना गर्दै आइरहेका छन् ।

नेपाली टिम अस्ट्रेलियामा टप इण्ड टि ट्वान्टी क्रिकेट प्रतियोगिताको प्रारम्भिक चरणबाटै बाहिरिएता पनि उक्त प्रतियोगितामा हासिल भएको अनुभव खेलाडीहरूका लागि आगामी दिनमा सहयोगी हुने छ । नेपाली टिमले विभिन्न खेलमा ब्यहोरेको नतिजालाई शिक्षाको रूपमा लिँदै आगामी विश्वकप छनोटको बाटो फराकिलो बनाउँदै जान नेपाली टिम सक्षम हुने आँकलन गर्न सकिन्छ ।

### आसाममा उपाधि

भारतको आसाममा खेल्न गएको नेपालको अर्को क्रिकेट टिमले सिरिज नै जितेर टिमको मनोबल बढाएको छ । आसाम प्रदेश क्रिकेट संघलाई नेपालले टि ट्वाण्टी अभ्यास सिरिजमा तीन खेलमा पराजित गरेको थियो भने दुई खेलमा हार्न पुगेको थियो । प्रतियोगिताको दौरान नेपाली खेलाडीहरूले जितेका विभिन्न उपाधिले पनि नेपाली टिम बलियो भएको प्रमाणित गरेको छ । फाइनलमा नेपालका सन्दिप जोराले ६४ रन बटुलेर 'प्लेयर अफ दि म्याच' उपाधि जितेका थिए । उनले कूल पाँच म्याचमा १८६ रन बनाएर बेस्ट ब्याटर भएका थिए । यस्तै खेलाडी आकाश चन्दले पाँच म्याचमा १० विकेट बनाउँदै बेस्ट बलर बन्न सफल भएका थिए । पाँच म्याचमा नौ विकेट लिन सफल अभिनभ चौधरी 'प्लेयर अफ दि टुर्नामेण्ट' भएका थिए ।

### क्यान उत्कृष्ट

नेपाली टिम अस्ट्रेलिया र भारत भ्रमण टुंग्याउने क्रममा रहँदा क्यानलाई राष्ट्रिय खेलकुद परिषद्ले यस वर्षको उत्कृष्ट खेल संघ घोषणा गर्‍यो । यो सुखद प्रसंगले नेपाली क्रिकेट खेलाडीहरूलाई थप गौरवान्वित बनाएको छ । नेपालमा रहेका सयौं खेल संघमध्ये क्यान उत्कृष्ट खेल संघ घोषित भएको हो । राष्ट्रिय खेलकुद परिषद्को ६२ औं वार्षिकोत्सवको अवसरमा क्यानलाई उक्त पुरस्कार प्रदान गरिएको थियो । क्यान देशकै व्यस्त खेल क्यालेण्डर भएको उदाहरणीय खेल संघ बन्न पुगेको छ । विभिन्न घरेलु क्रिकेट गतिविधि संचालनका साथै अन्तर्राष्ट्रिय सहभागिताको तयारीमा क्यान व्यस्त रहेको छ । आगामी विश्वकप प्रवेशकालागि क्यानले नेपाली टिमलाई बनाएको व्यस्तता नेपाली खेलकुद क्षेत्रमै उदाहरणीय मानिएको छ ।

नेपालले विश्वकपकै अभ्यासको सिलसिलामा अब वेस्ट इण्डिजजस्तो अनुभवी टिमसँग तीन म्याच खेलेर पक्कै पनि थप अनुभव हासिल गर्न पाउने छ । त्यसपछि ओमानमा विश्वकपका लागि नेपालले एसिया तथा पूर्वी प्रशान्त क्षेत्रको छनोट चरणमा प्रतिस्पर्धा गर्ने छ । नेपाली टिमले कुवेत तथा जापानसँग प्रतिस्पर्धा गर्दै विश्वकपमा छनोट हुने लक्ष्य राखेको छ । उक्त समूह चरणको प्रतिस्पर्धामा नेपाल एक खेलमा पराजित भए पनि प्रतियोगिताबाट बाहिरिन सक्ने चुनौती पनि रहेको छ । दुईपटक टि ट्वाण्टी विश्वकपमा सहभागी भइसकेको नेपाललाई पुन छनोट गराउने प्रमुख जिम्मेवारी खेलाडीहरूको काँधमा रहेकाले उनीहरूले राष्ट्रको प्रतिष्ठाका लागि आगामी सबै चुनौती पार गर्दै अघि बढ्नु जरुरी छ । मुख्य प्रशिक्षक स्टुआर्ट लले अस्ट्रेलियामा लिएको जस्तो सहासिक निर्णय विश्वकप छनोटका बेला पनि लिने अपेक्षा गरिएको छ । ब्याटिङ, बलिङ तथा फिल्डिङ तिनै पक्षमा नेपाललाई सक्षम रूपमा उतार्नु मुख्य प्रशिक्षकको दायित्व हो । नेपाली टिमलाई प्रत्येक खेलमा ओपनिङदेखि फिनिसिङसम्म सशक्त रूपमा उतार्न लयमा नभएका खेलाडीलाई बेञ्चमा राख्न मुख्य प्रशिक्षकले कुनै कञ्जुस्याइँ नगरेमा पक्कै पनि सुखद् नतिजा प्राप्त हुने कुरामा आशावादी हुन सकिन्छ । नेपाली टिम विश्वकपमा छनोट हुन सफल भएमा क्यान मुलुककै उत्कृष्ट खेल संघ घोषित भएको अझ सार्थकता हुने छ । *रासस*



**जुट केलाउदै किसान** | सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका–७ स्थित हुलाकी सडक किनारमा जुट केलाउँदै किसान । *तस्बिर: नवीन गड्तौला/रासस*

# झापाका दर्जनभन्दा बढी कार्यालयमा आगजनी र तोडफोड

## खोसिएका हतियार सेनालाई बुझाइयो

**सुरुंगा (झापा)–** जेन-जी पुस्ताको आन्दोलनका क्रममा मंगलबार झापाका एक दर्जनभन्दा बढी सरकारी कार्यालयमा आगजनी र तोडफोड भएको छ । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको दमकस्थित घरदेखि नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीसहितका घरमा आगजनी र तोडफोड भएको हो ।

त्यस्तै संघीय तथा प्रदेश सांसद, स्थानीय तहका प्रमुख, उपप्रमुख, राजनीतिक दलका जिल्लास्तरीय नेतासहितको घरमा आगजनी र तोडफोड भएको हो । एमाले, नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र)को जिल्लास्थित पार्टी कार्यालयमासमेत आगजनी र तोडफोड भएको छ ।

जिल्ला प्रशासन कार्यालय झापाले बिहानैबाट निषेधाज्ञा जारी गरे पनि निषेधाज्ञाको उल्लंघन गर्दै जेन-जी पुस्ताका युवाहरूको समूहले झापाका दर्जनौं सरकारी कार्यालयसहितका भौतिक संरचनामा क्षति पुऱ्याएका हुन् । बिहानैदेखि आन्दोलनमा उत्रिएको जेन-जी पुस्ताका युवा समूहले बिर्तामोडमा प्रदर्शन गरेका थिए । सो क्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय झापामा आगजनी गरेपछि प्रहरीले बल प्रयोग गर्दै स्थिति नियन्त्रणमा लिन गोली चलाएको थियो ।

**जिल्ला प्रशासन कार्यालय झापाले बिहानैबाट निषेधाज्ञा जारी गरे पनि निषेधाज्ञाको उल्लंघन गर्दै जेन-जी पुस्ताका युवाहरुको समूहले झापाका दर्जनौं सरकारी कार्यालयसहितका भौतिक संरचनामा क्षति पुऱ्याएका हुन् ।**

प्रहरीले चलाएको गोली लागेर अर्जुनधाराका एक युवाको मृत्यु र अन्य तीन जना घाइते भएसँगै थप आन्दोलित भएका उनीहरूले सरकारी कार्यालय तोडफोड र आगजनी गरेका थिए । आन्दोलनमा उत्रिएको समूहले दिनभर सरकारी कार्यालय र नेताका घर छानीछानी आगजनी गरेका थिए ।

प्रहरीले चलाएको गोली लागेर अर्जुनधारा-११ स्थित लक्ष्मीपूर निवासी गोपाल सुवेदीको मृत्यु भएको थियो । त्यसपछि उनीहरूले इलाका प्रहरी कार्यालय अनारमनी, जिल्ला ट्राफिक प्रहरी कार्यालय झापा नियन्त्रणमा लिँदै हतियारसमेत खोसेर कार्यालयमा आगजनी गरेका थिए ।

आगजनीका कारण दुवै कार्यालय पूर्णरूपमा जलेर नष्ट भएका छन् । योसँगै प्रर्दशनकारीले प्रहरीको हतियारसमेत खोसेर लगेका थिए । तर, प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीसँगको समन्वयमा जेन-जी पुस्ताले मानवअधिकारकर्मीको रोहवरमा अरिदमनगण चालआलीलाई हतियार बुझाएका थिए ।

जेन-जी पुस्ताको समूहले बिर्तामोड नगरपालिका, अर्जुनधारा नगरपालिका, मेचीनगरपालिका, कनकाई नगरपालिका, बाह्रदशी गाउँपालिका, भद्रपुरस्थित भन्सार कार्यालय, बिर्तामोडस्थित यातायात कार्यालय, नेपाल टेलिकम, विभिन्न पालिकाका वडा कार्यालयमा आगजनी र तोडफोड गरेका छन् । आगजनी र तोडफोडका कारण के कति क्षति भयो भन्न सक्ने अवस्था नरहेको बताइएको छ ।

यता बिर्तामेडस्थित भाटभटेनी सुपर मार्केटमासमेत साँझ प्रर्दशनकारीले आगजनी र तोडफोड गरेका छन् । जेन-जी पुस्ताका युवा समूहले कोशी प्रदेशका प्रदेशसभा सदस्य गोपाल तामाङ, मेची नगरपालिकाका प्रमुख गोपाल बुढाथोकी, उपप्रमुख मीना उप्रेती, योजना शाखा प्रमुख अनन्त प्रकाश वस्ती, बिर्तामोड नगरपालिकाका पूर्व मेयर ध्रुवकुमार शिवाकोटी, नगरप्रमुख पवित्रा महतारा प्रसाई, नेकपा एमाले बिर्तामोड नगर अध्यक्ष सुवास भट्टराई, कनकाई नगरप्रमुख राजेन्द्रकुमार पोखरेल, कांग्रेस झापाका सभापति देउकुमार थेवेलगायतका घरमा आगजनी र तोडफोड भएको छ ।

आन्दोलनरत पक्षलाई संयमता अपनाउन प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले पटक-पटक आग्रह गर्दासमेत जेन-जी पुस्ताको समूहले आन्दोलन रोकेको छैन । आन्दोलनका कारण झापा दिनभर असान्त बनेको थियो । *रासस*

# नाङ्लो बिक्रीबाट मनग्य आम्दानी गर्दै 'होम्ताङवासी'

भोजपुर- हतुवागढी गाउँपालिका होम्ताङका स्थानीयले बाँसको नाङ्लो बुनेर मनग्य आम्दानी गर्दै आएका छन् । परम्परागत पुर्ख्यौली नाङ्लो बुन्ने पेसा होम्ताङवासीको भरपर्दो आम्दानीको स्रोत नै बनेको छ ।

होम्ताङका अधिकांश स्थानीयले नाङ्लो बुन्दै आएका छन् । स्थानीयले बुनेर तयार गरेर नाङ्लो घरबाट नै ठेकेदारले लैजाने गरेका छन् । अन्य समयको तुलनामा विषेशगरी नाङ्लो भदौ, असोज र कात्तिकमा सबैभन्दा बढी उत्पादन हुने गरेको छ । दसैं, तिहार, छठलगायत चाडपर्वका अवसरमा तराईमा नाङ्लोको बढी माग हुने स्थानीयको भनाइ छ ।

यो ठाउँका महिला, पुरुष दुवै पक्षले नाङ्लो बुन्ने गरेका छन् । नाङ्लो बुनेर घर खर्च चलाउने गरेको स्थानीय पूजा राईले बताए । आफ्ना घरका सबै परिवार नै नाङ्लो बुन्ने गरेको उनी बताउँछिन् । एक महिनामा १५० वटासम्म नाङ्लो बुन्ने गरेको उनले बताइन् । नाङ्लो बिक्रीबाट वार्षिक दुईदेखि तीन लाख रूपैयाँसम्म आम्दानी लिने गरेको उनको भनाइ छ । बुनेको नाङ्लो घरबाट नै प्रतिगोटा ११० देखि १२० रूपैयाँसम्म बिक्री हुने उनले बताइन् ।

'नाङ्लो हाम्रो क्षेत्रको राम्रो आम्दानीको स्रोत हो, घरका सबै परिवारका सदस्य मिलेर नाङ्लो बुन्छौं । नाङ्लो घरबाट नै बिक्री हुन्छ । यसको बिक्रीबाट वार्षिक दुईदेखि तीन लाख रूपैयाँसम्म आम्दानी हुन्छ । हाम्रो क्षेत्रका प्रायः सबैले व्यावसायिक रूपमा नाङ्लो बुन्दै आएका छौं,' उनले भनिन् ।

हतुवागढी-६ होम्ताङको साविक-१ को लंकाका करिब ७५ घर, साविक २ का विथारा १६५ घर, साविक ३ लुम्बुवा १३५ घर र हालको हतुवागढी-५ साविक ४ सोयागाउँका करिब ४० घरपरिवारले व्यावसायिकरूपमा नाङ्लो बुन्दै आएको हतुवागढी-६ का स्थानीय नाङ्लो व्यवसायी राजेन्द्र राईले बताए ।

राई अनुसारका व्यापारीले भारतसँगै पश्चिम नेपालका विभिन्न ठाउँमा पठाउने गरेको उनको भनाइ छ । होम्ताङका स्थानीयको राम्रो आम्दानीको स्रोतका रूपमा नाङ्लो बुन्ने व्यवसाय रहेको उनको भनाइ छ । यहाँका अधिकांश स्थानीय यो पेसामा आबद्ध रहेकाले राज्यले प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको स्थानीय नाङ्लो व्यवसायी प्रकाश राईले बताए । यसको थप विकास तथा विस्तार गरेर यसमा थप व्यावसायिकता ल्याउन आवश्यक रहेको उनको भनाइ छ ।

'हाम्रो क्षेत्रका अधिकांश नागरिकले नाङ्लो बुन्ने गर्दछन्,' उनले भने, 'यसबाट गाउँघरमा मनग्य पैसा पनि भित्रिँदै गरेको छ । यसलाई थप व्यावसायिकता दिनका लागि स्थानीय सरकारले ध्यान दिन आवश्यक छ ।' *रासस*

# घोराही र तुलसीपुरका सरकारी कार्यालयमा तोडफोड

**दाङ (प्रस)–** जेन-जी आन्दोलनको दोस्रो दिन मंगलबार दाङको घोराही र तुलसीपुरका सरकारी कार्यालय तथा राजनीतिक दलका भवनमा आगजनी र तोडफोड गरिएको छ ।

तुलसीपुर उपमहानगरपालिका, मालपोत, उच्च अदालत, आन्तरिक राजस्व, इलाका प्रशासन, नगर विकास समिति र कारागारसहितका सरकारी कार्यालयमा आगजनी गरिएको छ । एमाले, कांग्रेस र माओवादीका पार्टी कार्यालय पनि ध्वस्त पारिएका छन् । कारागारका बन्दीसमेत भगाइएको छ ।

प्रदर्शनकारीले एमाले महासचिव शंकर पोखरेल, नेता कोमल वली, पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरी, कांग्रेस नेता गेहेन्द्र गिरी, पूर्वमन्त्रीहरू हिराचन्द्र केसी र दीपक गिरीको घरमासमेत आगजनी तथा तोडफोड गरेका छन् ।

सुरुआतमा शान्तिपूर्ण देखिएको प्रदर्शन दिउँसोदेखि हजारौंको सहभागितासहित हिंसात्मक बनेको हो । प्रहरी नियन्त्रणबाहिर देखिएको यस घटनामा घोराहीमा घरेलु कार्यालय, मालपोत कार्यालय, शिक्षा समन्वय समिति, जिल्ला समन्वय समिति, नेपाल बार एसोसियसन, जिल्ला अदालत, घोराही उपमहानगरपालिका, जिल्ला ट्राफिक कार्यालयलगायतका कार्यालयमा तोडफोड र आगजनी भएको छ ।

# पातपतिंगरबाट जैविक मल उत्पादन

**गण्डकी–** प्राकृतिक स्रोतको उचित उपयोग गर्ने हो भने स्वदेशमै अवसर सिर्जना गर्न सकिन्छ भन्ने यहाँको एक सामुदायिक वन समूहले उदाहरण दिएको छ । पोखरा महानगरपालिका-१८ सराङकोटस्थित ठोट्नेखोला सामुदायिक वन समूहले जंगलमा थुप्रिएका घाँस, पातपतिंगर र झाडी प्रयोगबाट जैविक मल उत्पादन गरेर यतिखेर सबैका लागि अनुकरणीय बनेको हो ।

जलवायु परिवर्तनलाई स्थानीय अनुकूलन र वन वातावरण तथा जैविक विविधताको संरक्षण गर्दै प्राकृतिक स्रोतलाई हरित रोजगार सिर्जना गरी आयमंगलबार्रन गर्ने लक्ष्यका साथ सुरु गरिएको उक्त उद्यमबाट यस वर्ष ३५ हजारभन्दा बढी किलो मल उत्पादन गरी बिक्रीका लागि बजारमा पठाउने तयारी भइरहेको समूहका अध्यक्ष दिनेश श्रेष्ठले जानकारी दिए ।

कौशीखेतीका लागि दुई र पाँच अन्य कृषि प्रयोजनमा २५ केजीको प्याकेजिङ गरिएको बताउँदै उनले भने, 'सुरुको अवस्थामा वन पैदावारको मल प्रतिकेजी २५ रूपैयाँ र गडचौले मलको ४० रूपैयाँ दर कायम गरिएको छ । मल उद्यमबाटै बिक्री पनि गरिँदै आएको छ ।' 'एक वन एक उत्पादन' कार्यक्रमअन्तर्गत गत फागुनदेखि सुरु गरिएको जैविक मल उद्यम सञ्चालनमा हालसम्म १० लाखभन्दा बढी लगानी भइसकेको बताउँदै उनले वन पैदावार संकलनमा मात्र तीन लाख ९० हजार रूपैयाँ लगानी भएको बताए ।

उनले भने, 'सामुदायिक वन क्षेत्रको अँधेरीकुनामा संकलन केन्द्र स्थापना गरिएको लगभग ३० लाख केजी वन पैदावार संकलन गर्दा सात हजारभन्दा बढीले रोजगारी प्राप्त गरेका थिए । हरियो पातपतिंगरको प्रतिकेजी तीन रूपैयाँ र सुकेको प्रतिकेजी पाँच रूपैयाँका दरले वन समूहले खरिद गरेको हो । जैविक मल प्रयोगले माटोको उर्वराशक्ति बढाउनुका साथै स्वस्थकर अर्ग्यानिक उत्पादनमा जोड पुग्ने छ ।'

वनजंगलबाट संकलन गरिएको स्याउला तथा घाँसपात जम्मा गरेपछि आधुनिक मेसिनद्वारा कटिङ गरी सानो साइजको बनाएसँगै जैविक मल उत्पादन गर्न ९० दिन लाग्ने बताउँदै उत्पादन प्रक्रिया पूर्णरूपमा व्यवस्थित र वातावरणमैत्री रहने विश्वास अध्यक्ष श्रेष्ठको छ ।



गण्डकी प्रदेश सरकार कृषि तथा भूमि व्यवस्था मन्त्रालय कृषि विकास निर्देशनालय माटो तथा मल गुणस्तर परीक्षण प्रयोगशालाको रिपोर्टअनुसार आवश्यक मापदण्ड पूर्ण भएको प्रमाणित गरेको छ। उत्पादित मलमा चिस्यान ८.१, पिएच ६.२, नाइट्रोजन १.३, फस्फोरस ०.५, पोटासियम ३.०३ र कार्वन २५.३४ प्रतिशत रहेको प्रयोगशालाको रिपोर्टमा उल्लेख रहेको समूहका सदस्य एवं कृषि प्राविधिक प्रशान्त श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार कास्की डिभिजन वन कार्यालयद्वारा विभिन्न आवश्यक भौतिक पूर्वाधार निर्माणका लागि चार लाख ५० हजार रूपैयाँ विनियोजन भएको छ भने गण्डकी जलाधार जलवायु उत्थानशील कार्यालय कृषि पाठशाला सञ्चालनका लागि तीन लाख ५० हजार रूपैयाँ प्राप्त भएको थियो ।

अँधेरीकुनाको ग्रिन प्लास्टिक टनेलमा गडचौले मल उत्पादन भइरहेको छ । जसका लागि (लिवर्ड) ले २५ हजार गडचौलासहित आवश्यक भौतिक संरचना निर्माणका लागि ब्लक, सिमेन्ट र प्याकेजिङ र सिलाउने मेसिनलगायत सामाग्री उपलब्ध गराएको उनको भनाइ छ ।

कास्की डिभिजन वन कार्यालयबाट गत वर्ष जिल्लामा तृतीय भई पुरस्कृतसमेत भएको ८६.७५ हेक्टरमा फैलिएको उक्त वन समूहमा हाल १९२ घरपरिवार उपभोक्ता रहेका छन् । समूहका उपभोक्तालाई परिचालन गरेर अहिले मल चाल्ने काम भइरहेको छ ।

समूहकी सदस्य विष्णु कुमालका अनुसार दिनभरि काम गर्नेले एक हजार ५०० रूपैयाँसम्म र फुर्सदको समयमा आउने गृहिणीले पनि कम्तीमा ५०० रूपैयाँ आम्दानी गरेका थिए । समूहले नवलपुर जिल्लाको विनय त्रिवेणी गाउँपालिकास्थित विनयी सामुदायिक वन समूहले उत्पादन गरेको जैविक मल उद्यमको स्थलगत अध्ययनपश्चात् मल उत्पादन कार्यलाई अघि बढाएको हो ।

जिल्ला समन्वय समितिका प्रमुख लीलाधर पौडेलले सो मल उद्यमको स्थलगत अध्ययन गर्दै रोजगार सिर्जना एवं वन क्षेत्रमा थुप्रिएको ज्वलनशील पदार्थका कारण डढेलोको प्रकोप न्यूनीकरणमासमेत उद्यम कोशेढुंगा सावित हुने विश्वास व्यक्त गरे ।

रासायनिक मलको आयातलाई कम गर्नुका साथै प्राकृतिक स्रोतलाई स्थानीय रोजगारी सिर्जना गर्दै आयमंगलबार्रनमा टेवा पुग्ने उद्यमलाई तीनै तहका सरकारले सहयोग गर्नुपर्नेमा जोड दिँदै उनले यस्ता कामको अन्य सामुदायिक वन समूहले पनि अनुशरण गर्नुपर्ने आवश्यकता औंल्याए । प्राकृतिक स्रोतलाई भरपुर उपयोग गरी मुलुक र जनताको समृद्धिसँग जोड्नुपर्नेमा उनको जोड थियो ।

गण्डकी प्रदेश नवलपुर जिल्लास्थित विनयत्रिवेणी गाउँपालिकाको विनयी सामुदायिक वन समूहले विगतदेखि नै जैविक मल उत्पादन गर्दै आएको छ । पछिल्लो समय गाउँपालिकाले अपनत्व लिएको सो उद्योगमा हाल ८० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । वन समूहको अधिकारका लागि पैरवी गर्दै आएको छाता संगठन सामुदायिक वन उपभोक्ता महासंघ नेपालले विभिन्न दातृराष्ट्रको सहयोगमा सञ्चालित परियोजनाहरू यस्ता उद्यमसँग जोडिनुपर्ने अपरिहार्य रहेको सम्बन्धित विज्ञहरूको धारणा रहेको छ । *रासस*

# प्रभाव दैनिक






**जेनजी आन्दोलनलाई समर्थन गर्दै अवार्डको मिति परिवर्तन**

भ्रष्टाचार, नातावाद र बेथितिको विरोधमा जेनजी पुस्ताद्वारा थालिएको शान्तिपूर्ण आन्दोलनप्रति समर्थन जनाउँदै आईएनएफएए अवार्ड-२०२५ कार्यक्रम स्थगित भएको छ। यसअघि सेप्टेम्बर १३, २०२५ मा युकेमा आयोजना हुने तय भएको कार्यक्रम अब नोभेम्बर १, २०२५ मा हुने भएको आयोजक टिमले जनाएको छ। आन्दोलनका क्रममा सरकारले गरेको दमन, बल प्रयोग र धरपकडका कारण १९ नागरिकको ज्यान गइसकेको र सयौं युवाहरू घाइते भएको संवेदनशील परिस्थितिलाई मध्यनजर गर्दै मिति परिवर्तन गरिएको हो।

INFA EVENTS UK
82 Wood End Gardens Northolt
UB5 4QL United Kingdom




## 'मितज्यु'मा जोडिए अरूण पुन

■ प्रभाव संवाददाता



**काठमाडौं–** अनिल बुढा मगरको निर्देशनमा बन्न लागेको फिल्म 'मितज्यु'अरुण पुन मगर अनुबन्ध भएका छन्। उनलाई निर्माण टिमले बिहिबार फिल्मका लागि अनुबन्ध गरेको हो। यसअघि अरुणले फिल्म 'खुश्मा'मा अभिनय गरेका थिए।

यसअघि यो फिल्ममा अभिनेता सौगात मल्ल,दयाहाङ राई, तेरिया मगर र स्मीता लामिछाने अनुबन्ध भइसकेका छन्। अरुणको उपस्थितिले फिल्मलाई थप बलियो बनाउने निर्माण पक्षको भनाई छ।

यस फिल्मको कथा महेश राईको रहेको छ भने निर्माता जनक घर्ती मगर हुन्। यसअघि उनले 'घरज्वाइँ' जस्तो हिट फिल्म निर्माण गरेका थिए। निर्देशक अनिल र जनकको यो दोस्रो सहकार्य हो। फिल्मको सिनेमाटोग्राफीमा शिशिर बिशफे रहनेछन् भने 'जि.एम. मुभिज प्रोडक्सन प्रा.लि.'को ब्यानरमा यो फिल्म निर्माण हुँदैछ।

मंसिरको दोस्रो हप्ताबाट रोल्पा लगायत स्थानबाट छायांकन गरिने निर्माण पक्षको भनाई छ। यो फिल्म आगामी चैत २७ गतेबाट प्रदर्शनमा आउने छ। आर आर फिल्म्स बितरण गर्ने फिल्मको निर्माण व्यवस्थापक  धन बहादुर राई हुन्।

## 'कुमुदे हिँड्यो हिरो बन्न' निर्माण हुँदै

■ प्रभाव संवाददाता




**काठमाडौं –** नेपाली कथान चलाचित्र 'कुमुदे हिड्यो हिरो बन्न' निर्माण हुने भएको छ। साहित्यकार तथा गीतकार जानकी पन्त जुन को डेब्यु निर्देशन रहने यस चलचित्रमा एउटा पात्र जो जिन्दगीमा हरेक कुरामा हिरो बन्न चाहन्छ उसैको कथामा चलचित्र रहने निर्माण पक्षले जानकारी दिएको छ।

कुमुद इन्टरटेन्टमेन्टको ब्यानरमा निर्माण हुने यस चलचित्रका निर्माता हुन् बिष्णु पन्त शर्मा आचार्य तथा सह निर्माता चक्र बहादुर बराल रहेका छन्र। चलचित्रमा कार्यकारी निर्माता भने रंग पत्रकार एवम रेडियो प्रस्तोता भोला सुबेदी आर्जे प्रणव रहेका छन्। नेपालको दाङ, पोखरा र काठमाण्डौको स्थानमा छायांकन गरिएने यस चलचित्रको केहि  दृश्य भने बेलायतमा छायांकन हुने निर्माण पक्षले जनाएको छ। बायोपिक र सत्यकथामा आधारित रहेर चलचित्र निर्माण गर्न लागेको बताए निर्देशक जानकी पन्त जुनले।

निर्माता बिष्णु पन्तले दाङको घोराईबाट चलचित्रको मुहुर्त गरेर छायांकन सुरु गर्दै करिब २० दिनको छायांकन पश्चात बाँकी छायांकनको लागी तिहार लगत्तै बेलायत जाने बताए।

चलचित्रमा कुमुदेको पात्र भने अभिनेता कुमुद पन्तले निर्वाह गर्ने बताएको निर्माण टिमले चलचित्रको अर्का प्रमुख कलाकार नायिकाको भने नाम अहिलेलाई गोप्य राखेको छ। महिला द्वन्द निर्देशक किरण दाहालको दोन्द, बिपिन आचार्य र ओम सुनारको संगीत र सन्देश शाहको सम्पादन रहने यस चलचित्रको प्रदर्शन मिति भने २०८३ साल तोकिएको छ।

## 'तक्मे बुढा'को 'मैझारो' कात्तिक ७ गतेबाट प्रदर्शन हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी कात्तिक ७ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'मैझारो' को दुई पोस्टर सार्वजनिक गरिएको छ। बिहीबार निर्माण पक्षले फरक लुक्स भएका दुई पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति तय गरेको हो।

पहिलो पोस्टरमा मुख्य कलाकार धिरज मगर, मिरुना मगर र दिया पुन देखिएका छन्। धिरज र मिरुनाले राई समुदायको पहिरनमा ढोलसहितको दृश्य दिएका छन् भने दिया पुन लिम्बू समुदायको ढाका साडीमा प्रस्तुत भएकी छन्। पोस्टरले फिल्म त्रिकोणात्मक प्रेम कथामा आधारित रहेको संकेत गर्छ।

दोस्रो पोस्टरमा धिरज र मिरुना प्रेमिल मुद्रामा फलैचामा बसेका छन्। धिरजले बन्चरो समातेका छन् भने मिरुना कुर्ता-सुरुवालमा उनीतर्फ नजर लगाइरहेकी छन्, जसबाट उनीहरूबीचको प्रेम सम्बन्ध प्रस्ट हुने देखिन्छ। विल्सन विक्रम राईको कथा तथा निर्देशनमा बनेको फिल्ममा पूर्वी पहाडको प्राकृतिक सौन्दर्य र मानव सम्बन्धलाई उजागर गर्ने प्रयास गरिएको छ।

फिल्ममा धिरज, मिरुना र दियासँगै बुद्धि तामाङ, सुनिल थापा, पुस्कर गुरुङ, अभयराज बराल, माउत्से गुरुङ, कविता आले, रजनी गुरुङ, प्रेम सुब्बा, उदय सुब्बा, अनिल सुब्बा, भूपेन्द्र लिङदेन र विशाल लिम्बुको अभिनय रहेको छ।

'तक्मे प्रोडक्सन' को ब्यानरमा निर्माण भइरहेको फिल्ममा अनमोल गुरुङ र तोरेम्पाहाङ राईको संगीत रहेको छ। मित्र डी गुरुङको सम्पादन राजेशपायल राई, झुमा लिम्बू, मेलिना राई अस्मिता अधिकारी र अनमोल गुरुङको स्वरमा गीत समावेश छन्।

फिल्मको छायांकन सौरभ लामाले गरेका छन्। वितरण अधिकार आरआर फिल्मले लिएको छ भने डिजिटल स्ट्रिमिङ अधिकार ओएसआरले खरिद गरेको छ।




यस फिल्ममार्फत कलाकार विल्सन विक्रम राई पहिलो पटक लेखन तथा निर्देशनमा उत्रिदैछन्। उनले यसअघि पनि 'तक्मे प्रोडक्सन' बाट फिल्म निर्माण गरेका थिए।



**एएफसी यु-२३ एसियन कप छनोट**

## जितविहीन नेपाल, अन्तिम खेलमा फिलिपिन्ससँग ४–० ले पराजित

■ प्रभाव संवाददाता




**काठमाडौं –** नेपालले जितविहीन रहँदै एएफसी यु-२३ एसियन कप छनोट प्रतियोगिता टुंगाएको छ। छनोट समीकरणबाट यसअघि नै बाहिरिसकेको नेपालले समूह 'के'को आफ्नो अन्तिम खेलमा फिलिपिन्ससँग ४-० को हार बेहोर्यो।

नेपालको यो लगातार तेस्रो हार हो। पहिलो खेलमा घरेलु टोली ताजकिस्तानसँग ४-० ले पराजित नेपाल दोस्रो खेलमा सिरियासँग ४-२ ले निराश बनेको थियो। जितसँगै फिलिपिन्सले तीन खेलमा ६ अंक जोड्दै अर्को वर्ष साउदी अरेबियामा हुने एसियन कपमा स्थान बनाउने सम्भावनालाई जिवितै राखेको छ।

मंगलबार दुशान्बेस्थित पामिर रंगशालामा सम्पन्न खेलमा ओटु बोनोटाउ, ह्याभियर मारियोना, दोभ कारिनो र कप्तान सान्ड्रो रेयेसले गोल गरे। फिलिपिन्सले दुबै हाफमा समान दुई गोल गरेको हो।

खेलको ३३औं मिनेटमा फरवार्ड बोनोटाउले हेडर गोलमार्फत फिलिपिन्सलाई अग्रतामा ल्याएका थिए। पाँच मिनेटपछि अर्का फरवार्ड मारियोनाले पेनाल्टीमार्फत अग्रतालाई दोब्बर बनाए। यसअघि बक्सभित्र नेपाली रक्षक विशाल नेपालीबाट फउल भएपछि फिलिपिन्सले 'सेटपीस' अवसर पाएको थियो।

खेलको ५९औं मिनेटमा मारियोनाको पासमा बोनोटाउको प्रहार क्रसबारमा लागेर बाहिरिएको थियो। ७५औं मिनेटमा बोनोटाउले अर्को सुन्दर अवसरमा गोल गर्न सकेनन्। उनले 'वान भर्सेस वान'मा गोलकिपर अमित टमाङ्लाई बिट त गरेका थिए। तर, उनको प्रहारले पहिलो बारको जाली चुम्न सकेन।

निर्धारित समय सकिन ९ मिनेट बाँकी छँदा फिलिपिन्सले तेस्रो गोल गर्यो। बक्स बाहिरबाट कप्तान रेयेसको प्रहार अमितले बचाएका त थिए। तर, नियन्त्रणमा लिन नसक्दा रिबाउन्डमा कारिनोले गोल गरे। चार मिनेटपछि रेयेसले 'स्कोरसीट'मा आफ्नो नाम लेखाए। उनको सुन्दर फ्रिकिक प्रहारले पहिलो बारको जाली चुमेको थियो। यसअघि आफ्नो खेलाडीलाई नेपालका लेफ्टब्याक सुमित श्रेष्ठले फउल गरेपछि २२ यार्ड पर फिलिपिन्सले फ्रिकिक अवसर पाएको थियो।

## १७औं विश्व उसु कंग्रेस सम्पन्न

**काठमाडौं (प्रस)–** १७औं विश्व उसु कङ्ग्रेस २०२५ ब्राजिलको ब्रासिलिया सहरमा सम्पन्न भएको छ। अन्तराष्ट्रिय उसु महासंघ आईडब्लुयूएफको आयोजनामा सम्पन्न भएको सो कङ्ग्रेसमा बिश्वभरबाट करिब २१० राष्ट्रको सहभागीता रहेको थियो।

आईडब्लुयूएफको विशेष निमन्त्रणामा नेपाल उसु महासंघको तर्फबाट सो महासंघका महासचिव तथा नेपाल ओलम्पिक कमिटिका एक्जुकेटिभ मेम्बर लाक्पा छिरिङ लामा तथा महासंघका केन्द्रीय सदस्य दीपककुमार तामाङको सहभागिता रहेको थियो।

१७औं विश्व उसु कङ्ग्रेसले आगामी दिनहरूमा हुने प्रतियोगिता लगायत सम्पुर्ण कार्यक्रमहरू तय गरेको थियो। विशेषगरी अन्तराष्ट्रिय स्तरमा हुने प्रतियोगीताहरूको जानकारी गराइएको थियो।

सो काङ्ग्रेसको सभापतित्व चीनका खेलकुद मन्त्री, चाइनिज ओलम्पिक कमिटीका अध्यक्ष तथा अन्तराष्ट्रिय उसु महासंघ आईडब्लुएफका अध्यक्ष जाओ जिदाङ्गले गरेका थिए। नेपाल उसु महासंघका महासचिव लाक्पा छिरिङ लामा तथा अन्तराष्ट्रिय उसु महासंघका महासचिव ज्याङ् युउन पिङबिच भेटघाट भएको थियो।

सो अवसरमा नेपालको उसु खेलको बिकास र बिस्तार साथै नेपालमा भइरहेको उसुको विविध गतिविधि बारे महासचिव लामाले जानकारी गराएका थिए।

आईडब्लुयूएफका महासचिव जयाङ्ले नेपालको उसु विकासको लागि अन्तराष्ट्रिय उसु महासंघले नजिक बाट नियालिरहेको र नेपाल उसु महासंघको नेतृत्वमा नेपालमा अझै बढि उसु बिकास हुने अपेक्षा राखेको बताए। साथै उनले यसका लागि अन्तराष्ट्रिय उसु महासंघले जस्तोसुकै सहयोग गर्न तयार रहेको पनि स्पष्ट पारे।



१७औं कङ्ग्रेस सँगै भईरहेको १७औं विश्व उसु च्याम्पेनसिपमा नेपालबाट सहभागी भएका खेलाडीहरूमध्ये सुस्मिता तामाङ र बिजय सिन्जालीले २०२६मा हुने उसु वल्ड कपमा आफ्नो स्थान सुरक्षीत गरिसकेका छन्।

तमाङ र सिन्जाली करिब ३४ राष्ट्रहरू मध्यबाट उत्कृष्ट प्रर्दशन गरि क्वालिफाईर राउन्ड पार गरी छनोट हुन सफल भएका छन्। छनोट हुने दुबै खेलाडि १३औ सागका स्वर्ण पदक विजेता खेलाडी पनि हुन। उसु इतिहासमै अहिलेसम्मकै सर्वाधिक अंक ल्याउन सफल भएका विजयले उसु थाउलोको पुरुष जेन्सु विधामा ९ दशमलव ७१० अंक प्राप्त गर्न सफल भएका हुन्। सो विधामा विश्वभरबाट आएका ३५ खेलाडी सहभागी थिए। मलेसियाले स्वर्ण, मकाउले रजत र हङकङले कास्य पदक जितेका छन्। स्वर्ण विजेता मलेसियन खेलाडीले ९ दशमलब ७४६ अंक बटुलेका थिए। विजय स्वर्ण विजेता खेलाडीब ाट ० दशमलव ०३६ अंक ले पछि परेका थिए।


यसअघि गत वर्ष जापानमा सम्पन्न उसुको तेस्रो थाउलो विश्वकप २०२४ मा नेपाललाई ऐतिहासिक कास्य पदक दिलाउन सफल भएका थिए। त्यत्ति बेला उनले जेन्सु विधामा ९ दशमल ६३६ अंक ल्याउँदै काँस्य पदक जितेका थिए। विजयले ब्राजिलमा ल्याएको अंक गत वर्षको थाउलो विश्वकपको भन्दा ० दशममलब ७४ अंकले बढेको हो।

महिलातर्फ थाउलोको छानछ्वान विधामा सुस्मीताले ९ दशमलव ७०६ अंक पाइन्। जुन नेपाली महिला खेलाडीले पाएको दुर्लभ अंक हो।



पाकिस्तानको हैदराबादमा मंगलबार भारी वर्षाका कारण बाढी आएको रेलवे ट्र्याकमा एउटा यात्रुवाहक रेल । *तस्बिरः एपी*

# डब्लुएचओद्वारा वजन घटाउने औषधिलाई समर्थन, सस्तो जेनेरिक उत्पादनको आग्रह



**पेरिस–** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले पहिलोपटक मधुमेह र मोटोपनाको उपचारका लागि प्रयोग हुने ब्लकबस्टर वजन घटाउने औषधिहरूलाई विश्वव्यापी रूपमा सिफारिस गर्दै विकासोन्मुख देशका मानिसहरूका लागि सस्तो जेनेरिक संस्करण उपलब्ध गराउन आह्वान गरेको छ ।

भोक कम गर्ने नयाँ पुस्ताका औषधिहरू जिएलपी-१ एगोनिस्टका रूपमा चिनिन्छन् । ओजेम्पिक, वेगोवी र माउन्जारोजस्ता ब्राण्डहरू यसैमा पर्छन् । यिनीहरूले मानिसलाई वजन घटाउन मद्दत गर्ने क्षमताका कारण तीव्र लोकप्रियता हासिल गरेका छन् ।

डब्लुएचओका अनुसार सन् २०२१ मा अधिक वजन वा मोटोपनासँग सम्बन्धित रोगका कारण ३७ लाखभन्दा बढी मानिसको मृत्यु भएको थियो । यो संख्या मलेरिया, क्षयरोग र एचआइभीका संयुक्त मृत्युदरभन्दा बढी हो ।

तर संयुक्त राज्य अमेरिकामा प्रतिमहिना हजारौं डलर खर्च हुने यी औषधिहरूको अत्यधिक मूल्यले गरिब देशहरूमा तिनको उपलब्धता नहुने चिन्ता बढाएको छ । डब्लुएचओले डेनमार्कको फार्मा कम्पनी नोभो नोर्डिस्कको ओजेम्पिक र वेगोवीमा प्रयोग हुने सक्रिय घटक सेमाग्लुटाइड र अमेरिकी कम्पनी एली लिलीको माउन्जारोमा हुने टिर्जेपाटाइडलाई विश्वव्यापी वयस्कका लागि आवश्यक औषधिको सूचीमा शुक्रबार समावेश गरेको छ ।

यी 'जीवनरक्षक' इन्जेक्टेबल औषधि सबैभन्दा बढी आवश्यक पर्ने मानिससम्म पुग्न सुनिश्चित गर्न डब्लुएचओले मूल्य घटाउन जेनेरिक प्रतिस्पर्धालाई प्रोत्साहन गर्ने जनाएको छ ।

लिभरपुल विश्वविद्यालयका अनुसन्धानकर्ता एन्ड्र्यु हिलका अनुसार भारतमा जेनेरिक सेमाग्लुटाइड मास उत्पादन गरेर प्रतिमहिना चार डलरमै उपलब्ध गराउन सकिन्छ । उनले भने, 'हामी नोभो नोर्डिस्क र एली लिलीलाई जिम्मेवार भएर आफ्ना औषधि विश्वव्यापीरूपमा सस्तो मूल्यमा उपलब्ध गराउन आग्रह गर्दै छौं ।'

सेमाग्लुटाइडको पेटेन्ट क्यानाडा, भारत, चीनलगायत केही देशमा अर्को वर्ष समाप्त हुँदै छ, जसले जेनेरिक उत्पादनमा वृद्धि ल्याउने अपेक्षा गरिएको छ । जिएलपी-१ औषधिहरू सुरुमा मधुमेहको उपचारका लागि विकास गरिएका थिए । तर हालको अनुसन्धानले तिनीहरूले लतसहितका अन्य स्वास्थ्य समस्यामा पनि मद्दत गर्न सक्ने देखाएको छ । जिएलपी-१ औषधिहरूका केही साइड इफेक्टमा वाकवाकी पनि पर्छ ।

यसै हप्ताको जामा मेडिकल जर्नलमा प्रकाशित एक अध्ययनअनुसार यी औषधि प्रयोग गर्ने मुटुका समस्या भएका बिरामीमा अस्पताल भर्ना हुने वा समयपूर्व मृत्यु हुने जोखिम ४० प्रतिशतले घटेको पाइएको छ ।

डब्लुएचओका अनुसार सन् २०२२ मा ८० करोडभन्दा बढी मानिस मधुमेहसँग बाँचिरहेका थिए भने हाल विश्वभरमा प्रत्येक आठमध्ये एक जना मानिस मोटो छन् । डब्लुएचओले आफ्नो आवश्यक औषधिको सूचीमा विभिन्न प्रकारका क्यान्सर उपचारका औषधिहरू पनि थपेको छ । *रासस/एएफपी*

# दुर्गा पूजाअघि भारतलाई १२०० टन हिल्सा निर्यात गर्ने बंगलादेशको निर्णय

**ढाका–** बंगलादेशले दुर्गा पूजाअघि भारतमा एक हजार २०० टन हिल्सा (स्थानीय रूपमा 'इलिस' भनिने) माछा निर्यात गर्न अनुमति दिने निर्णय गरेको छ । 'सरकारले चालु वर्ष २०२५ मा दुर्गा पूजाको अवसरमा भारतलाई सशर्त एक हजार २०० मेट्रिक टन हिल्सा निर्यात गर्ने नीतिगत निर्णय गरेको छ,' बंगलादेशको वाणिज्य मन्त्रालयले सोमबार राति जारी गरेको अधिसूचनामा उल्लेख छ ।

अधिसूचनामा भनिएको छ, 'इच्छुक निर्यातकहरूले सन् २०२५ सेप्टेम्बर ११ को साँझ ५ बजेभित्र कार्यालय समयमा हार्ड कपीमा आवेदन पेस गर्नुपर्ने छ ।' यसका लागि निर्यात कम्पनीको अद्यावधिक व्यापार इजाजतपत्र, इआरसी, आयकर प्रमाणपत्र, भ्याट प्रमाणपत्र, बिक्री सम्झौता र मत्स्य विभागको इजाजतपत्रसहित आवश्यक कागजात संलग्न गर्नुपर्ने उल्लेख गरिएको छ । सरकारले हिल्सा प्रतिकिलोको न्यूनतम निर्यात मूल्य १२.५० अमेरिकी डलर तोकेको छ । अधिसूचनामा भनिएको छ, 'यसअघि आवेदन पेस गरेका निर्यातकहरूले पनि नयाँ आवेदन दिनुपर्ने छ ।'

गत वर्ष सन् २०२४ सेप्टेम्बर २७ मा करिब ४५-५० टन तौल भएको बंगलादेशको 'पद्मा हिल्सा' को पहिलो खेप पश्चिम बंगाल पुगेको थियो । त्यसबेला दुर्गा पूजाअघि आएको उक्त आयातलाई अधिकारीहरूले स्वागत गरेका थिए । बंगलादेशको अन्तरिम सरकारले गत वर्ष भारतमा कूल दुई हजार ४२० टन हिल्सा निर्यात गरेको थियो ।

हाल हावडा होलसेल माछा बजारमा हिल्साको थोक मूल्य प्रतिकिलो एक हजार ४०० देखि एक हजार ६०० रूपैयाँ (स्थानीय मुद्रा) सम्म पुगेको छ ।

उत्कृष्ट स्वादका कारण चर्चित यो माछा पेट्रापोल-बेनापोल सीमा हुँदै हावडा बजारमा आइपुग्छ र त्यसपछि कोलकाता तथा आसपासका खुद्रा बजारमा वितरण गरिन्छ । सन् २०१२ जुलाईदेखि बंगलादेशले हिल्सा निर्यातमा प्रतिबन्ध लगाएको थियो । तर सन् २०१९ देखि दुर्गा पूजाको समयमा भारतका लागि विशेष अनुमति प्रदान गर्दै निर्यात गर्ने परम्परा सुरु भएको हो । *रासस/एएनआई*

# थाक्सिनलाई एक वर्ष जेल सजाय, अदालतको फैसला स्वीकार



**बैंकक–** थाइल्याण्डको सर्वोच्च अदालतले मंगलबार पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रालाई भ्रष्टाचार र शक्तिको दुरूपयोगको आरोपमा अघिल्लो सजायअनुसार एक वर्षको जेल सजाय भोग्नुपर्ने निर्णय सुनाएको छ ।

एक न्यायाधीशका अनुसार थाक्सिनको सजायको कार्यान्वयन ठीकसँग भएको थिएन, त्यसैले बैंककको प्रहरी अस्पतालमा गरिएको नजरबन्दलाई जेल सजायको रूपमा गणना गरिएको थिएन । एक दशकभन्दा बढी समय स्व-निर्वासनमा बिताएपछि थाइल्यान्ड फर्केका थाक्सिन जेलमा एक दिनभन्दा कम समय बिताएपछि स्वास्थ्य कारण देखाएर अस्पतालमा भर्ना भएका थिए ।

उनको आठ वर्षको सजायलाई राजा महा भाजिरालोंगकोर्नले एक वर्षमा कम गरिदिए र अस्पतालमा छ महिना बिताएपछि उनी प्यारोलमा मुक्त भए । यस घटनाले उनलाई विशेष सुविधा दिइएको हो कि होइन भन्ने प्रश्न उठ्यो, साथै उनी साँच्चै बिरामी थिए कि थिएनन् भन्ने विषयमा पनि शंका प्रकट भयो ।

अदालती कारबाहीपछि थाक्सिनलाई बैंकक रिमान्ड जेल पठाइयो । फैसलापछि उनको टोलीले सामाजिक सञ्जालमा सेयर गरेको सन्देशमा थाक्सिनले अदालतको निर्णय स्वीकार गरेको जनाउँदै लेखेका छन्, 'म भविष्यप्रति ध्यान दिन चाहन्छु, चाहे कानुनी कारबाही होस् वा मसँग सम्बन्धित द्वन्द्वहरू । आजदेखि, म स्वतन्त्र भए पनि, देश र जनताको हितका लागि विचारको स्वतन्त्रता राख्छु ।'


फैसला आउनुअघि थाक्सिन आफ्ना दुई छोराछोरी, पिन्टोङ्टा सिनावात्रा र पूर्वप्रधानमन्त्री पेटोङटार्न सिनावात्रासहित अदालत पुगेका थिए । गत महिना अदालतले पेटोङटार्नलाई कम्बोडियाली सिनेट अध्यक्षसँगको राजनीतिक सम्झौतासम्बन्धी फोन कललाई नैतिक उल्लंकन मानेर पदबाट हटाएको थियो ।

फैसलापछि पेटोङटार्नले राजाले थाक्सिनको सजाय कम गरिदिएकोमा धन्यवाद दिँदै भने, 'म बुबाको बारेमा चिन्तित छु, तर गर्व पनि छ कि उनले देशका लागि धेरै ऐतिहासिक क्षण सिर्जना गर्नुभएको छ । यो कठिन समय हो, तर हामी अझै राम्रो भावनामा छौं ।'

थाक्सिन सन् २००१ देखि २००६ मा सैन्य कूले उनलाई अपदस्थ नगरेसम्म प्रधानमन्त्री थिए । उनको निष्कासनपछि थाइल्यान्डमा करिब दुई दशक लामो राजनीतिक ध्रुवीकरण सुरु भयो, जसले उनका समर्थकलाई सहरी बासिन्दा, उत्साही राजावादी र सेना समर्थकहरूसँग आमनेसामने बनायो ।

सन् २००८ मा थाक्सिन आरोपहरूको सामना गर्न थाइल्यान्ड फर्किए तर जमानत छोडेर फेरि विदेशतिर लागे र एक दशकभन्दा बढी समय निर्वासनमा रहे । कार्यालय छाडेपछि उनले राजनीतिक उद्देश्यले प्रेरित भएको भन्दै थुप्रै मुद्दा र आपराधिक अभियोगको सामना गरे । गत महिना, एक आपराधिक अदालतले उनलाई शाही मानहानि (लेज-माजेस्टे) आरोपबाट निर्दोष ठहर गरेको थियो । उक्त आरोपमा दोषी ठहर भएको भए उनलाई १५ वर्षको जेल सजाय हुन सक्थ्यो । *रासस/एपी*

# पूर्वी युक्रेनमा रुसी हवाई आक्रमण, २० जनाको मृत्यु



**किएभ–** युक्रेनको पूर्वी डोनेट्स्क क्षेत्रमा मंगलबार भएको रुसी हमलामा २० जनाको मृत्यु भएको राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले सामाजिक सञ्जालमार्फत बताएका छन् ।

मस्कोले अझै पूर्णनियन्त्रण नलिए पनि औद्योगिक क्षेत्रलाई रुसको हिस्सा दाबी गरेको छ । किएभका अनुसार, क्रेमलिनले नयाँ आक्रमणका लागि फ्रन्टलाइनमा करिब एक लाख सेना परिचालन गरिसकेको छ ।

'डोनेट्स्कको यारोभा गाउँमा पेन्सन वितरण भइरहेको बेला रूसी युद्धविमानबाट प्रत्यक्ष नागरिकमाथि आक्रमण भयो । प्रारम्भिक विवरणअनुसार २० जनाभन्दा बढीको मृत्यु भएको छ,' जेलेन्स्कीले आफ्नो पोस्टमा भने । डोनेट्स्कका गभर्नरले २१ जनाको मृत्यु र सोही संख्यामा घाइते भएको जानकारी दिए । जेलेन्स्कीले घटनास्थलबाट लिइएका भिडियोसमेत सार्वजनिक गरे, जसमा खेलमैदान नजिकै जलेको मिनी-भ्यान, छरिएका लास, व्यक्तिगत सामान, कागज र जुत्ताहरू देखिन्थे । एएफपीले युक्रेनी अधिकारीहरूले पोस्ट गरेका ती तस्बिरहरू स्वतन्त्ररूपमा प्रमाणित गर्न सकेको छैन ।

युद्धपूर्व करिब एक हजार ९०० जनसंख्या रहेको यारोभा अग्रपंक्तिबाट करिब आठ किलोमिटर (पाँच माइल) टाढा पर्छ । जेलेन्स्कीले अन्तर्राष्ट्रिय समर्थनको आह्वान गर्दै भने, 'संयुक्त राज्य अमेरिकाबाट प्रतिक्रिया आवश्यक छ । युरोपबाट प्रतिक्रिया आवश्यक छ । जी-२० बाट प्रतिक्रिया आवश्यक छ । रुसले मृत्यु ल्याउने काम रोक्न कठोर कदम चालिनुपर्छ ।' *रासस/एएफपी*

# गाजा सहर खाली गर्न इजरायली सेनाको आग्रह



**तेल अभिभ (इजरायल)–** इजरायली सेनाले उत्तरी गाजामा नियोजित विस्तारित सैन्य कारबाही अघि मंगलबार बिहान गाजा सहरलाई पूर्णरूपमा खाली गर्न आग्रह गरेको छ ।

हालको लडाइँमा सहर पूर्ण निकासीका लागि दिइएको यो पहिलो चेतावनी हो ।

यसैबीच, रक्षामन्त्री इजरायल काट्जले मंगलबार इजरायलले गाजामा ३० वटा अग्ला भवन ध्वस्त पारेको बताए । ती भवनलाई हमासले सैन्य पूर्वाधारका रूपमा प्रयोग गरेको आरोप छ ।

प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले सोमबार कम्तीमा ५० वटा 'आतंककारी टावर' नष्ट गर्ने योजना रहेको बताएका थिए । पछिल्ला दिनहरूमा इजरायलले गाजा सहरका थुप्रै अग्ला भवनहरू भत्काएको छ, जसमा हमासले निगरानी पूर्वाधार स्थापना गरेको दाबी गरिएको छ ।

गाजा सहरका केही भागबाट दक्षिणतर्फ तोकिएको मानवीय क्षेत्रमा जान आग्रह गर्दै इजरायलले हमासको अन्तिम गढ मानिएको क्षेत्रमा आफ्नो नियन्त्रण विस्तार गर्ने उद्देश्यसहित आक्रमणलाई तीव्र पारेको छ ।

गाजा सहर क्षेत्रमा करिब १० लाख प्यालेस्टिनी रहेका छन्, तर चेतावनी आउनुअघि केवल सानो अंशमात्र त्यहाँबाट बाहिरिएको छ । *रासस/एपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – २१४७०० | प्रति तोला – ० | प्रति तोला – २५१५ |



**नागबेली सडक** | मुग्लिन–पोखरा सडक विस्तारपछि तनहुँको व्यास नगरपालिका–१२ गोल्ला खण्डको नागबेली सडक । उक्त सडक चार लेनमा विस्तार भएपछि यात्रा सहज भएको छ । *तस्बिर : कृष्ण न्यौपाने/रासस*

# बागलुङको छुर्पीको माग उच्च भएपछि उत्पादन बढ्यो

■ प्रभाव संवाददाता



**गलकोट (बागलुङ)**– यस वर्ष बागलुङबाट रु ५४ लाख बराबरको छुर्पी निर्यात भएको छ । दूध र दुग्धजन्य पदार्थको बिक्री वितरण गर्दै आएको बागलुङ दुग्ध उत्पादक सहकारी सङ्घले आर्थिक वर्ष २०८१ /८२ मा रु ५४ लाख ८८ हजार २४० बराबरको निर्यात गरेको सङ्घका अध्यक्ष दीपक गौतमले बताए ।

अध्यक्ष गौतमका अनुसार बागलुङमा उत्पादित अधिकांश छुर्पी अमेरिका पुग्ने गरेको छ । अमेरिकामा कुकुरको मुख्य खानाका रूपमा रहेको छुर्पी नेपालबाट ठूलो मात्रामा निर्यात हुने गरेको छ ।

आव २०८०/८१ रु ३८ लाख ५४ हजारबराबरको छुर्पी बिक्री गरेको सहकारीले अघिल्लो वर्षको तुलनामा यस वर्ष रु १६ लाखभन्दा बढीको छुर्पी बिक्री गरेको छ । दुग्ध सहकारीले यस वर्ष रु १० करोड ९९ लाख १७ हजार ८५५ बराबरको दूध र दुग्धजन्य वस्तुको कारोबार गरेको छ ।

उनका अनुसार सहकारीबाट दूध, दही, घ्यू, पनिर, छुर्पी र खुवाको उत्पादन हुँदै आएको छ । त्यसमध्ये अन्तरराष्ट्रिय बजारमा सहकारीको छुर्पीको माग उच्च छ । छुर्पीको माग बढेपछि सङ्घले एक वर्षमा रु १६ लाखको छुर्पी उत्पादनमा वृद्धि गरेको हो ।

दुग्ध सहकारी सङ्घले बागलुङका १५ सहकारी संस्थाको दूध सङ्कलन गरेर दूध र दुग्धजन्य वस्तुको बिक्री गर्दै आएका छन् । जसमा एक हजार ५०० भन्दा बढी किसान आबद्ध छन् । हाल सहकारी सङ्घले छुर्पी प्रतिकिलो रु एक हजार २०० मा बिक्री गर्दै आएको छ । सहकारीमा आबद्ध किसानले दूधको मूल्यमा समानता र बजारको सुनिश्चिता भएकाले हौसला मिलेको बताएका छन् ।

सहकारी सङ्घमा १७ कर्मचारीले सङ्कलित दूध बागलुङ बजारका घरघरमै लगेर बिक्री गर्ने गरेको अध्यक्ष गौतमले बताउनुभयो । यस्तै आव २०७९/८० मा रु २९ लाखको छुर्पी निर्यात गर्न सफल भएको थियो ।

# राहुघाटमा दुई जलविद्युत् आयोजना निर्माण, तीनवटा अन्तिम चरणमा

■ प्रभाव संवाददाता

**म्याग्दी** – म्याग्दीको रघुगंगा गाउँपालिका भएर बग्ने राहुघाट र सहायक नदीमा ५८ दशमलव आठ मेगावाट क्षमताका दुईवटा जलविद्युत् आयोजनाको निर्माण सकिएको छ । १११ मेगावाट क्षमताको थप तीनवटा आयोजना निर्माणको अन्तिम चरणमा छन् ।

तुँदीपावर कम्पनीले निर्माण गरेको ३७ दशमलव पाँच मेगावाट क्षमताको चिमखोला-राहुघाट-मंगले र संयुक्त ऊर्जा लिमिटेडको २१ दशमलव तीन मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले व्यावसायिक उत्पादन थालेका हुन् ।

रघुगंगा गाउँपालिका-३ तिल्केनीचौरस्थित राहुघाट जलविद्युत् आयोजनाको स्विचयार्डबाट अस्थायी रूपमा राष्ट्रिय प्रणालीमा जोडिएको हो । डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजना निर्माण पूरा नभएकाले उत्पादित विद्युत् खेर जान नदिन अस्थायी संरचनामार्फत राष्ट्रिय प्रणालीमा जोडिएको तुँदी पावरका आवासीय इञ्जिनियर प्रकाश तिमिल्सिनाले बताए ।

बन्दीदेखि चिमखोलास्थित चिमखोला-राहुघाट-मंगलेको विद्युत्गृहसम्म आठ किलोमिटर १३२ केभी क्षमताको प्रसारण लाइन ठूलोखोला र २२ दशमलव पाँच मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजनाले साझेदारी गरेर बनाएका छन् । चिमखोलादेखि तिल्केनीसम्म २२० केभी क्षमताको प्रसारण लाइन ठूलोखोला, माथिल्लो ठूलोखोला, चिमखोला-राहुघाट-मंगले र अपर राहुघाट जलविद्युत् आयोजनाले बनाएका हुन् ।

रघुगंगा गाउँपालिका-८ कुइनेमंगलेमा निर्माण भएको ठूलोखोला जलविद्युत् आयोजनाको प्रवर्द्धक संयुक्त ऊर्जाका 'प्लान्ट म्यानेजर' विनोद पौडेलले यही भदौदेखि केन्द्रीय प्रसारण लाइनमा जोडिएको जानकारी दिँदै आयोजना पूर्ण क्षमतामा सञ्चालन भएको बताए ।

तीन अर्ब ६० करोड लागत अनुमान गरिएको आयोजनामा नेपाल बैङ्क लिमिटेडको नेतृत्वमा सनराइज बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क र सिद्धार्थ बैङ्कले लगानी गरेका छन् । कुइनेमंगले र चिमखोलाको सीमाक्षेत्र फेदीमा बाँध रहेको ठूलोखोलाको तीन हजार ३८२ मिटर सुरुङ र ६३४ मिटर पेनस्टक पाइप हुँदै ल्याइएको पानीलाई छरीमा निर्माण भएको विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गरेको हो ।

रघुगंगा गाउँपालिका-८ बन्दीमा बाँध रहेको चिमखोला-मंगले-राहुघाट जलविद्युत् आयोजनाको पाँच किलोमिटर ३०० मिटर लामो सुरुङबाट ल्याइएको पानी रघुगंगा-७ चिमखोलाको बगरस्थित विद्युत्गृहमा खसाल्न ९५० मिटर पेनस्टक पाइपलाइन बनाएको छ । चिमखोला-मंगले-राहुघाटसहित तुँदी पावर नै प्रवर्द्धक रहेको ४८ दशमलव पाँच मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजनाको लागत रु १४ अर्ब रहेको छ ।

## कामना विकास बैंकको लाभांश घोषणा

**काठमाडौं (प्रस)**– कामना सेवा विकास बैंकको सञ्चालक समितिको बैठकले १५.७८९५ प्रतिशत लाभांश दिने प्रस्ताव साधारणसभाममा लैजाने निर्णय गरेको हो । कुल लाभांशमध्ये बैंकले १० प्रतिशत बोनस सेयर र कर प्रयोजनसहित ५.७८९५ प्रतिशत नगद लाभांश वितरण हुनेछ ।

# तरकारी बेचेर जीविकोपार्जन गर्दै महिला

**तानसेन (पाल्पा)** – डुम्रेकी रमिता विकले तानसेनमा तरकारी र फलफूल बेचेर जीविकोपार्जन गर्दै आउनुभएको छ । 'बिहानै गाउँबाट तरकारी ल्याएर छोरालाई खाना पकाएर खुवाएपछि डोको बोकेर निस्कन्छु', नारायणस्थानमा तरकारी बेच्दै गरेको अवस्थामा भेटिनुभएकी उनले भनिन्, 'दिनभरि बजार डुलाएर तरकारी, फलफूल बेच्छु । त्यही कमाइले छोराको पढाइ खर्च र बिहानबेलुका हातमुख जोड्छु, यो मेरो दैनिकी यही हो ।'

मदन पोखराकी सीता कुमाल पनि सिजनमा तरकारीको भारी बोकेर तानसेन बजार पुग्ने गर्छिन् । उनी बारीमा उत्पादित तरकारी बजारमा बिक्रीका लागि आफ्ना दौँतरीसँग बिहान ६ बजे गाउँबाट निस्किन्छन् । 'तरकारी आयो तकारी आयो' भन्दै टोलटोल पुग्छिन् । 'दिनकै हिँडेर तरकारी बेच्नु दुःख कष्ट त छ', उनले भनिन्, 'तर, गुजारा गर्न यत्ति गर्नै पर्‍यो ।'

तानसेन नगरपालिका-११ बाँझाकी ३८ वर्षीया राधिका खाँती पनि दिनहुँजसो घरबाट तरकारी ल्याएर तानसेनस्थित शीतलपाटी नजिकै मन्दिर छेउमा बसेर बिक्री गर्छिन् । तरकारी बिक्री गरेर आएको पैसाले सहज रूपमा उनको



घरको खर्च चलेको छ । 'आम्दानीको स्रोत नहुँदा केही समयअघिसम्म घर खर्च चलाउन निकै गाह्रो थियो', उनले भनिन्, 'घर खर्चका लागि श्रीमान्को मुख ताक्नु पर्दथ्यो । तरकारी बेच्न थालेपछि श्रीमान्बाट घर खर्च माग्नु परेको छैन ।'

खाँती आफैँले फलाएको र केही अन्य किसानले उत्पादन गरेको तरकारी संकलन गरी तानसेनमा ल्याएर बिक्री गर्दै आएकी छिन् । खाँतीले तरकारी बेचेर अहिले मासिक लाखौँ रूपैयाँ कमाउन थालेकी छिन् । मेहनत गरेमा किसानले आफ्नै बारीमा सुन फलाउन सक्छन् भन्ने उदाहरण उनी बनेकी छिन् ।

लकडाउनपछि शीतलपाटी सडक नजिकैको मन्दिर आसपासमा बसेर खाँतीले ताजा तरकारी र फलफूल बिक्री गर्दै आएकी हुन् । उनले तरकारी बिक्रीबाट दैनिक दुई हजारदेखि पाँच हजारसम्म आम्दानी हुने जानकारी दिइन् । तरकारी बिक्रीबाट भएको आम्दानीले छोराछोरीलाई पढाउन, खर्च खर्च तथा चार जनाको परिवार चलाउन सहज भएको उनको भनाइ छ ।

खाँतीलाई श्रीमान्ले तरकारी सङ्कलनमा दैनिक सहयोग गर्दै आएका छन् । 'तरकारी बजारसम्म ल्याएर बेच्न सुरुसुरुमा लाज लागेको थियो', उनले भनिन्, 'अहिले आफ्नो पेसा व्यापार हो भन्ने बुझेकी छु । अब सकुञ्जेल यही काम गर्ने हो ।' राधिकाका अनुसार अर्गानिक तरकारी किन्ने ग्राहकको यहाँ दैनिक भीड लाग्ने गर्दछ । प्रायः बजार गर्न आउने र अफिसबाट फर्कनेहरूले तरकारी किनेर लैजाने गरेको उनको भनाइ छ ।

राधिकाले झैँ आफ्नै बारीमा फलेका र अन्य कृषकद्वारा उत्पादित तरकारी बेचेर कुरुङखोलाकी जमुना बोहोराले पनि मनग्य आम्दानी गर्दै आएकी छिन् । उनले विगत डेढ दशकदेखि सडक पेटीमा तरकारी बेचेर घर खर्च चलाउँदै आएकी हुन् । उनले पनि दैनिक रु एक हजारदेखि रु तीन हजारसम्म आम्दानी गर्छिन् । उनीहरू मात्र होइन बजार आसपासमा रहेका धेरै महिला दैनिकजसो तरकारी बिक्रीका लागि बजारसम्म आउने गर्छन् । तरकारी बिक्री गरेर आम्दानी भएको रकमले घर व्यवहार चलाउँदै आएको महिला बताउँछन् । *रासस*

## होडिङ्ग बोर्डमार्फत् विज्ञापन गर्दा के गर्ने ?

**विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ अनुसार**

- होर्डिङ बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिब देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिंदाकै समयमा राजस्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होर्डिङ बोर्ड हटाउनुपर्ने व्यवस्था छ ।

**त्यसैले अनुमति प्राप्त गर्न:**

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं ।

**बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ